# अध्याय एक

## परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'उच्च माध्यमिक तह अनिवार्य नेपाली विषयका पूराना र नयाँ पाठ्यक्रम अनुसार निमार्ण गरिएका प्रश्नपत्रहरूको तुलनात्मक र विश्लेषणात्मक अध्ययन'** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अर्न्तगत नेपाली भाषा समूह स्नातकोतर तह दोस्रो वर्षको नेपा .शि. ५९८ को उद्देश्य पूर्तिका निम्ति तयार पारिएको छ ।

### १.३ समस्याकथन

प्रश्नपत्रहरू भाषिक सीपको दक्षता परीक्षण गर्ने महत्त्वपूर्ण साधन हुन् । विद्यार्थीहरूले कुनै पनि तहमा के कति भाषिक उपलब्धिहरू हासिल गरे सो कुराको परीक्षण मौखिक परीक्षा, कक्षा अवलोकन आदि द्वारा गर्न सकिए पनि मूलतः शैक्षिक सत्रको अन्त्यमा लिखित परीक्षाबाट नै गर्ने गरिन्छ । जसका लागि निर्माण गरिने प्रश्नहरू पाठ्क्रम अनुरूप भए नभएको परीक्षण गरिनु पर्दछ । विद्यार्थीको रूचि, क्षमता, स्तर र आवश्यकता अनुसार प्रश्नपत्रहरू उपयुक्त हुन नसके उनीहरूको भाषिक ज्ञान सीप र अभिवृद्धि कुन गतिमा अघि बढिरहेको छ सोको आकलन गर्न सकिदैन तसर्थ यस्ता सम्पूर्ण कुरालाई ध्यानमा राखेर प्रश्नपत्र निमार्ण गरिनु पर्दछ । प्रश्नहरू स्तर युक्त वैध र विश्वसनीय छन छैनन् ? निर्मित प्रश्नहरू सुधार गर्न आवश्यक छ कि छैन ? जस्ता कुराको जानकारी प्रश्नपत्रको विश्लेषणबाट मात्र थाहा पाउन सकिन्छ । तर निर्मित प्रश्नहरूको अध्ययन विश्लेषण खासै गरिएको पाइदैन । हाल प्रवेशिका परीक्षालाई हटाएर उच्च मा.वि.लाई नै विद्यालय तहको अन्तिम खुड्किलो मान्ने तयारी भैरहेको छ । यस्तै अवश्थामा उच्च मा.वि. तहमा सोधिने प्रश्नहरूमा के-कस्ता समस्याहरू रहेका छन र समाधानका लागी के गर्नु पर्ने जस्ता सुझावहरूमा यो शोधपत्र तयार पारिएको छ । साथै उच्च मा.वि.को पाठ्यक्रम २०६८ देखि परिवर्तित र परिर्माजित भएको छ । २०६७ को पाठ्यक्रमको प्रश्न र २०६८ देखि परिवर्तित

पाठ्यक्रमका प्रश्नहरूमा के-कस्ता समानता र भिन्नताहरू रहेका छन् ? भाषिक प्रश्न निमार्णका आधारमा उपयुक्त छन् कि छैनन् ? विशिष्टीकरण तालिकाका आधारमा निर्माण भएका छन कि छैनन् ? जस्ता यावत् प्रश्नहरूमा केन्द्रित रहेर शोधपत्र तयार पारिएको छ ।

(क) उच्च मा. वि.तह २०६७ र २०६८ का नेपाली विषयका प्रश्नहरू भाषिक प्रश्न निर्माणका आधारमा उपयुत छन् ?

(ख) प्रश्नहरू विशिष्टीकरण तालिकाका आधारमा तयार वा निमार्ण भएका छन् ?

(ग) पूराना र नयाँ पाठ्यक्रमका प्रश्नमा के भिन्नता र समानता छ ?

(घ) उक्त प्रश्नपत्रहरूमा के-कस्ता सबल र दुर्बल पक्षहरू छन् ?

(ङ.) कस्ता प्रकारका प्रश्नहरू निर्माण गरिनु आवश्यक छ ?

## १.४ शोध अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोध अध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छः-

क. भाषिक प्रश्न निमार्णका आधारहरू पहिल्याई त्यसका आधारमा प्रश्नहरूको अध्ययन गर्नु,

ख. विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको अध्ययन गर्नु,

ग. पूराना र नयाँ पाठय्क्रमका प्रश्नको समानता र भिन्नता छुट्याउनु,

घ. प्रश्नहरूको सबल र दुर्बल पक्षहरू छुट्याउनु,

ङ. प्रश्नहरू सुधारका निम्ति आवश्यक सुझावहरू प्रस्तुत गर्नु

## १.५ अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि निम्न विधिहरूको प्रयोग गरिएको छ ।

### १.५.१ सामागी सङ्कलन विधि

**क. प्राथमिक स्रोत** : २०६७ र २०६८ सालमा सञ्चालित उच्च मा.वि तहका एक एकवटा प्रश्नपत्र विभिन्न माध्यमबाट सङ्कलन गरिएको छ ।

ख. **गौण स्रोत** : भाषा पाठ्यपुस्तकविद्, विषय विशेषज्ञ, वुद्धिजीवि, शिक्षक वर्ग आदि र सम्बन्धित विषयका पुस्तक, पत्रपत्रिका आदि सामग्रीको सहयोग लिइएको छ ।

### १.५.२ अध्ययन विधि

निर्दिष्ट प्रश्नपत्रहरूको सङ्कलन पश्चात् भाषिक प्रश्न निर्माणका पक्षहरूका सैद्धान्तिक विश्लेषण गदै पुस्तकालयीय विधिद्वारा भाषिक प्रश्न निर्माणका वाह्य र आन्तरिक विशेषताका आधारमा  प्रश्नहरूको अध्ययन, विश्लेषण र तुलना गरिएको छ ।

भाषिक प्रश्न विश्लेषणका वाह्य आधार अर्न्तगत निर्देशन, अङ्क विभाजन र समय सन्तुलन, प्रस्तुती अनुक्रम, प्रश्नपत्रको स्वरूप, आदि पक्षको अध्ययन विश्लेषण गरिएको छ भने आन्तरिक आधार अर्न्तगत पाठ्क्रम अनुरूपता भाषिक पक्षको सन्तुलन र संयोजन, प्रश्नमा हुनु पर्ने गुण-विश्वसनीयता वैधता आदि पक्षको अध्ययन  विश्लेषण गरिएको छ । अध्ययन विश्लेषणका आधारमा प्राप्त पक्षहरूलाई तुलनात्मक रूपमा तालिकीकरण समेत गरेर प्रस्तुत गरिएको छ । शोध अध्ययनका लागि सङ्कलन गरिएका सामाग्रीहरूलाई शोध पत्रको अन्त्यमा पारिशिष्टमा समेटिएका छन् ।

### १.६ पूर्वकार्यको समीक्षा

कुनै पनि विषयको अनुसन्धान गर्नुभन्दा पहिले उक्त विषयसँग सम्बन्धित के-कति र कस्ता अनुसन्धान भएका छन् वा लेख रचनाहरू प्रकाशित छन् तिनीहरूको अध्ययन मनन गरेर सङ्क्षिप्त टिप्पणी नै पूर्वकार्यको समीक्षा हो । यस्तो कार्यले नयाँ अनुसन्धानकर्तालाई सम्बन्धित विषयका समस्या बुझी आफ्नो गन्तव्य पहिचान गर्न थप सहज र सरल बनाउन सघाउ पुर्‍याउँछ । ढिलै भएपनि पछिल्ला दिनहरूमा आएर केही मात्रामा प्रश्नपत्रहरूको विश्लेषणात्मक अध्ययन भएको देखिन्छ ।

वि.सं. २०५२ सालमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अर्न्तगत स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि माधव प्रसाद पौडेलद्वारा **जिल्लास्तरीय परीक्षा २०५१ सालमा उपयोग गरिएका कक्षा ८ का नेपाली भाषाका प्रश्नहरूको विश्लेषण** शीर्षकको शोधपत्र तयार भएको पाइन्छ । पाँच अध्यायमा विभाजित उक्त शोधपत्रको उद्देश्य सैद्धान्तिक पृष्ठभूमिमा भाषिक प्रश्न निर्माणका बाह्य र आन्तरिक आधारहरूको पहिचान गर्नु भाषिक प्रश्न निर्माणका बाह्य र आन्तरिक आधारका दृष्टिले जिल्लास्तरीय परीक्षा

२०५१ उपयोग गरिएका विभिन्न जिल्लाका कक्षा ८ का नेपाली भाषाका प्रश्नहरू एवम् प्रश्नहरूको तुलनात्मक र सैद्धान्तिक विश्लेषण गर्नु, त्यसैगरी विश्लेषणका आधारमा प्रश्नहरू निर्माणमा देखा परेका त्रुटि एवम् कमजोरीहरूको पहिचान गरी निष्कर्ष तथा सुझावहरू पेश गर्नु रहेको देखिन्छ । पाँचवटै विकास क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी सामग्री सङ्कलन गरेर सैद्धान्तिक रूपले वर्णन र विश्लेषणात्मक विधिद्वारा तयार पारिएको उक्त शोधपत्रको प्रतिनिधि प्रश्नहरूमा शीर्ष निर्देशन, प्रश्न निर्देशन, पृष्ठ निर्देशन आदि नदिएको/दिएकोमा पनि अस्पष्ट त्रुटिपूर्ण र विविधता युक्त रहेको त्यसैगरी अङ्क विभाजन र समय निर्धारणमा तालमेल नभएको, भाषामा अशुद्धता रहेको पाठ्यक्रम अनुरूपतालाई उपेक्षा गरी पाठ्यपुस्तकलाई सबै सर्वोपरी मानेर प्रश्नपत्र निर्माणको भाषिक पक्षहरूको संयोजन र सन्तुलन नमिलेको आदि निष्कर्ष दिदै सुझावहरू पेश गरिएको छ ।

अम्बिकाप्रसाद रेग्मीद्वारा (२०५४), **कक्षा ५ को नेपाली भाषा विषयक प्रश्नहरू २०५४ को विश्लेषण** नामक शिर्षकमा शोधपत्र तयार भएको पाइन्छ । रेग्मीले जिल्लास्तरीय परीक्षा २०५४ मा प्रयोग भएका कक्षा ५ को नेपाली भाषा विषयक प्रश्नहरूको विभिन्न सैद्धान्तिक आधारबाट अध्ययन गर्ने प्रश्नमा रहेका कमजोरीहरू पहिल्याउने र सुधारका निम्ति सुझावहरू प्रस्तुत गर्ने उद्देश्य राखेको पाइन्छ । क्षेत्रीय अध्ययन विधिमा आधारित उक्त शोधपत्रले स्वरूपका आधारमा प्रश्नमा एकरूपता नभएको सुनाइ र वोलाइ सीप विकासका निम्ति प्रश्नहरू मौन रहेका व्यवहारिक भन्दा सैद्धान्तिक ज्ञानलाई बढी महत्त्व दिएको जस्ता निष्कर्षहरू प्रस्तुत गरेको देखिन्छ ।

दिलिपकुमार आचार्यद्वारा (२०५९), **उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा प्रश्नहरूको विश्लेषण** शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ । नेपाली भाषाका प्रश्न निर्माणमा विविधता हुनका कारणहरू पहिल्याउने, सङ्कलन गरिएका प्रश्नहरूको तुलनात्मक अध्ययन विश्लेषण गर्ने, प्राप्त त्रुटि तथा कमजोरीका आधारमा सुझावहरू पेश गर्ने उद्देश्य राखेर तयार पारिएको उक्त शोधपत्रमा क्षेत्रीय सामग्री सङ्कलन विधिद्वारा विविध क्षेत्रका प्रश्नहरूको प्रतिनिधित्व हुनेगरी सामग्री सङ्कलन गरिएको छ । उक्त शोधपत्रमा प्रश्नपत्र निर्माणका आन्तरिक र बाह्य आधारका विविध उपआधारहरूमा आधारित रही अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको देीखन्छ ।

नरेशविक्रम ढकालद्वारा (२०५८) सालमा **उपयोग गरिएका कक्षा १० को नेपाली भाषाका योग्यता जाँच परीक्षाका प्रश्नहरूको विश्लेषण** नामक शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रमा २०५७ सालमा उपयोग गरिएका कक्षा १० को नेपाली भाषाका योग्यता जाँच परीक्षणका प्रश्नहरूलाई लिएर अध्ययन गरिएको  पाइन्छ । यसमा प्रश्नहरूको विभिन्न आधारबाट अध्ययन गर्ने, प्रश्नमा पाइएका तहगतस्तर पहिचान गर्ने र सुझाबहरू प्रस्तुत गर्ने उद्देश्यहरू रहेका देखिन्छन् । यसमा प्रश्नहरू पाठ्यक्रम अनुरूपता नभएका कागजको गुणस्तर कमसफा रहेको, छपाइमा त्रुटिहरू रहेका जस्ता निष्कर्षहरू निकालेको पाइन्छ ।

रामचन्द्र इटनीद्वारा (२०५९) **एस.एल.सी टेष्ट परीक्षा २०५८ मा उपयोग गरिएका नेपाली भाषा विषयक प्रश्नहरूको अध्ययन** नामक शीर्षकमा शोधपत्र भएको पाइन्छ । उक्त शोधपत्रमा एस.एल.सी टेष्ट परीक्षा २०५८ मा नेपाली भाषा विषयका प्रश्नहरूको विभिन्न आधारबाट अध्ययन गर्ने प्रश्नमा पाइएका तहगत स्तर पहिचान गर्ने र सुझावहरू प्रस्तुत गर्ने उद्देश्यहरू रहेको देखिन्छ । क्षेत्रीय अध्ययन विधिद्वारा सामग्री सङ्कलन गरी अघि बढाइएको उक्त शोधपत्रमा प्रश्नहरूको सैद्धान्तिक परिचय स्वरूप भाषिक सीप व्याकरण शब्दभण्डार आदि छुट्टिने गरी तालिका सहित प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको पाइन्छ । प्रतिनिधि प्रश्नहरूको शीर्ष भागमा प्रयुक्त अक्षर आकारमा विविधता रहेको विषयगत प्रश्नको मात्र उपयोग गरिएको जस्ता निष्कर्ष उक्त शोधपत्रमा रहेको देखिन्छ ।

हिममाया पौडेलद्वारा (२०६०) **उच्च माध्यामिक तह नेपाली भाषाका प्रश्नहरू २०५६-२०५९ को विश्लेषणत्मक अध्ययन** नामक शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । ५ अध्यायमा पूर्ण भएको उक्त शोधपत्रमा उच्च माध्यामिक तह नेपाली भाषाका प्रश्नहरू २०५६-२०५९ को विभिन्न सैद्धान्तिक आधारबाट अध्ययन गर्नु उक्त प्रश्नपत्रमा रहेको कमजोरीहरू पत्ता लगाउनु र प्रश्नको आधारका लागि सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । विश्लेषणात्मक विधिका आधारमा तयार भएको उक्त शोधपत्रमा प्रश्न निर्माणका बाह्‍य र आन्तरिक आधारमा विभिन्न सबल र दुर्वल पक्ष देखाई निष्कर्षमा पुगी सुझावहरू पेश गरिएको छ ।

गोविन्दबहादुर बस्नेतद्वारा (२०६४) **कक्षा ८ को जिल्लास्तरीय परीक्षा २०६१ मा उपयोग गरिएको प्रश्नहरूको अध्ययन नामक** शीर्षक शोधपत्र २०६४ मा तयार पारिएको

पाइन्छ । उक्त शोधपत्रमा भाषिक प्रश्न निर्माणका आधारहरूको सैद्धान्तिक आंकलन गर्ने प्रश्नहरूका बाह्य र आन्तरिक वैधताका आधार अध्ययनबाट प्राप्त कमजोरीहरू औंल्याई सुधारात्मक उपायहरू दिने जस्ता उद्देश्यहरू रहेको देखिन्छ । यस शोधपत्रमा क्षेत्रीय सामग्री सङ्कलन विधिको आधार लिएको छ भने निष्कर्षको रूपमा वर्ण विन्यास तथा विश्वसनीयता र वैधतामा समस्या देखिएको पाठ्यपुस्तकलाई ज्यादा महत्त्व दिएको भाषिक सीपमा जोड दिने प्रश्नहरूको कम समावेश गरिएको कुरा उल्लेख गरिएको छ ।

महेश्वर पन्थीद्वारा (२०६४) **प्रवेशिका परीक्षा २०६२-२०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** नामक शीर्षकमा शोधपत्र तयार पार्ने काम भएको पाइन्छ । प्रवेशिका परीक्षा २०६२-२०६३ का नियमित र आंशिक परीक्षााका तीन वटा विकास क्षेत्रका प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको उक्त शोधपत्रमा उद्देश्यहरू नेपाली विषयका प्रश्नहरूको आन्तरिक र बाह्य बिशेषताका आधारहरूमा सैद्धान्तिक अध्ययन गर्नु उक्त प्रश्नहरूमा रहेका कमजोरीहरू पहिल्याउनु प्रश्नपत्र सुधारका लागि सुझाबहरू पेश गर्नु रहेका देखिन्छन् । सामग्री सङ्कलन गरी पुस्तकालयीय विधिद्वारा तयार पारिएको उक्त शोधपत्रमा प्रश्नहरूको आन्तरिक र बाह्य विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्दै प्रश्नपत्रमा तह नखुलाइएको प्रश्न निर्देशन त्रुटिपूर्ण रहेको, पूर्णाङ्क वितरणमा विविधता पञ्चम वर्णको प्रयोगमा एकरूपता नदेखिएको भाषिक दृष्टिले कमजोर प्रकृतिका प्रश्नहरू रहेका जस्ता निष्कर्ष प्रस्तुत गरिएको छ ।

रेणुका गौतमद्वारा (२०६६) **कक्षा ८ को जिल्लास्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन** नामक शीर्षकको शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधपत्रका उद्देश्य आन्तरिक र बाह्य बिशेषताका आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको सैद्धान्तिक अध्ययन गर्नु, प्रश्नपत्रलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक अनुरूपताका दृष्टिले अध्ययन गर्नु, विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण गरिएका कुरा पत्ता लगाई प्रश्नमा भएका कमजोरी पहिल्याइ प्रश्नपत्र सुधारका लागि आवश्यक सुझावहरू दिनु रहेको पाइन्छ । सामग्री सङ्कलन गरी पुस्तकालयीय विधिद्वारा तयार पारिएको उक्त शोधपत्रमा बाह्य र आन्तरिक आधारका उपआधारमा प्रश्न विश्लेषण गरी निर्देशन अङ्क विभाजन, समय निर्धारण, प्रस्तुती अनुक्रम, कागजको स्तर, छपाइ आदिका दृष्टिले प्रश्नपत्रहरू कमजोर रहेको निष्कर्षमा पुगी आवश्यक सुधारका लागि उक्त शोधपत्रले सुझावहरू प्रस्तुत गरेको छ ।

भगवता पोखरेलद्वारा (२०६७) **प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** नामक शिर्षकमा शोधपत्र तयार भएको पाइन्छ । यस शोधपत्रमा २०६४ का नेपाली विषयका प्रश्नहरूको आन्तरिक र बाहृय विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्नु, विभिन्न कोणबाट उक्त प्रश्नहरूको तुलनात्मक अध्ययन गर्नु, उक्त प्रश्नहरूमा रहेको कमजोरी पत्ता लगाई सुझावहरू पेश गर्नु जस्ता उद्देश्यहरू राखेर तयार पारेको देखिन्छ । पुस्तकालयीय विधिद्वारा तयार पारिएको उक्त शोधपत्रका शीर्षकहरू प्रतिनिधि प्रश्नहरूमा तह उल्लेख नगरिएको वर्णविन्यासगत त्रुटिहरू पदयोग र पदवियोगको ख्याल नगरिएको आदि जस्ता निष्कर्षहरू प्रस्तुत गरिएको छ ।

डा. यादवप्रकाश लामिछानेद्वारा उच्च माध्यमिक शिक्षा परिषद योजना तथा अनुगमन महाशाखाद्धारा २०६५ सालको लघुशोध कार्यक्रमअर्न्तगत तयार पारिएको शीर्षकमा अनुसन्धान प्रतिवेदन प्रस्तुत गरिएको पाइन्छ । **उच्च माध्यमिक तह अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन र विश्लेषण** उक्त लघुशोधपत्रमा प्रश्नपत्र निर्माणको सैद्धान्तिक परिचय प्रस्तुत गर्नुका साथै विशिष्टीकरण तालिकाको निर्माण प्रश्नरचना प्रश्नहरूको सङ्गठन, अङ्कन विधि र परीक्षण, प्रश्न विश्लेषणका आधार निर्देशन अङ्क विभाजन, समय विभाजन प्रस्तुतिक्रम प्रश्नको स्वरूप, भाषा पाठ्क्रम अनुरूपता भाषिक पक्षको संयोजन र सन्तुलित अवस्था, प्रश्नमा हुनुपर्ने गुण र वैधताजस्ता पक्षको उल्लेख गर्दै अन्त्यमा सुझाव पेश गरिएको छ ।

गुरूप्रसाद बरालद्वारा (२०६७) **प्रवेशिका परीक्षा २०६५ मा ५ विकास क्षेत्रमा सोधिएका नेपाली विषय प्रश्नहरूको तुलनात्मक अध्ययन**मा शोधपत्र तयार भएको पाइन्छ । यसमा २०६५ सालमा सोधिएका ५ विकास क्षेत्रका प्रश्नहरूको आन्तरिक र बाहृय विशेषता का आधारमा सैद्धान्तिक अध्ययन गरिएको पाइन्छ । उक्त सोधपत्र भाषिक प्रश्न निर्माणका आधारहरू पहिल्याई त्यसका आधारमा प्रश्नहरूको अध्ययन गर्नु ,प्रत्येक विकास क्षेत्रका प्रश्नहरूको तुलनात्मक अध्ययन गर्नु प्रश्नहरूका सबल र दुर्बल पक्षहरू छुट्याउनु र प्रश्नहरू सुधारका निम्ति आवश्यक सुझावहरू प्रस्तुत गरिएको पाइन्छ । उद्देश्यहरूमा आधारित रहेर अगाडि बढेको पाइन्छ । पुस्तकालयीय अध्ययन विधिद्वारा तयार पारिएको उक्त शोधपत्रमा भाषिक प्रश्न निर्माणका बाहृय र आन्तरिक विशेषताका आधारमा प्रश्नहरूको अध्ययन, विश्लेषण र तुलना गरिएको छ । भाषिक प्रश्न विश्लेषणका बाहृय आधारअर्न्तगत निर्देशन, अङ्क विभाजन, अध्ययन विश्लेषण गरिएको पाइन्छ भने आन्तरिक

आधारअर्न्तगत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको सन्तुलन र संयोजन प्रश्नमा हुनुपर्ने गुण विश्वसनीयता, वैधता आदि पक्षको अध्ययन विश्लेषण गरेको पाइन्छ । नेपालीको प्रश्नमा अङ्ग्रेजी (२००९) राख्नु अनौचित्य रहेको निष्कर्ष निकालिएको छ । विद्यार्थीको योग्यता र क्षमताअनुसारका प्रश्नहरू राख्न नसकेको प्रश्नहरूलाई आकर्षक रूपले प्रश्न राख्न नसकेको कागज कम गुणस्तरको भएको जस्ता निष्कर्षहरू निकालेको पाइन्छ ।

## १.७ अध्ययनको औचित्य

हाम्रो जस्तो मुलुकमा विद्यार्थीहरूको भाषिक सम्प्राप्तिको स्थिति मापन गर्ने एउटै मात्र औजारका रूपमा प्रश्नपत्र नै रहेको देखिन्छ । तसर्थ यस्ता प्रश्नपत्रहरू निर्माण गर्दा उद्देश्यपरकता, वैधता, विश्वसनीयता, व्यापकता, विभेदकारिता, व्यावहारोपयोगिता जस्ता आन्तरिक र बाह्य गुणले युक्त शुद्ध, स्पष्ट र स्तरयुक्तताजस्ता कुरामा ख्याल गरिनु पर्छ यस किसिमका उच्च मा. वि.तहका परीक्षामा सोधिने प्रश्नहरू पाठ्यक्रम अनुरूप छन् कि छैनन् प्रश्न निर्माणका आन्तरिक र वाह्य विशेषताका आधारमा प्रश्नहरू निर्माण भएका छन् कि छैनन्, नयाँ र पूराना पाठ्यक्रमका प्रश्नहरूमा एकरूपता छ कि छैन् जस्ता विषयमा यो शोधपत्र केन्द्रित हुने भएकाले यो अध्ययन महत्त्वपूर्ण हुने छ । उच्च मा.वि. तहको अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूसँग सम्बन्धीत पूर्व अध्ययनहरूलाई हेर्दा प्रत्येक अध्ययनले प्रश्नपत्र निर्माण सम्बन्धी केही न केही त्रुटि देखाएकाले के कस्ता कारणले त्रुटियुक्त प्रश्नहरू निर्मित हुन्छन् सो कुराको जानकारी दिएका छन् तर उच्च मा. वि.तह अनिवार्य नेपालीको पूराना र नयाँ पाठ्यक्रमका प्रश्नहरूमा आधारित भएर तुलनात्मक र विश्लेशणात्मक अध्ययन यस भन्दा अगाडि नभएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

निम्न लिखित कुराहरूमा यो अध्ययन सीमित रहेको छ ।

क. उच्च मा.वि. तह अनिवार्य नेपालीका नयाँ र पूराना (२०६७ र २०६८) का प्रश्नहरूको मात्र अध्ययन,

ख. नियमित परीक्षाका प्रश्नहरूको मात्र अध्ययन,

ग. प्रश्नको सैद्धान्तिक आधारमा अध्ययन,

घ. विश्वसनीयता, वैधता, उपयुक्तता र स्तरयुक्तताका आधारमा मात्र अध्ययन, पाठ्यक्रम अनुरूपतालाई आधार मानिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र ५ वटा अध्यायमा संरचित रहेको छ। जसलाई निम्ननानुसार प्रस्तुत गरिएको छ।

**अध्याय एकः** शोधपत्र परिचय खण्ड

**अध्याय दुईः** सैद्धान्तिक खण्ड  राखिएको छ जसमा-भाषिक प्रश्न निर्माणका आन्तरिक र बाह्य आधारको सैद्धान्तिक विश्लेषण गरिएको छ।

**अध्याय तीनः** यस अध्यायमा प्रश्नपत्र विश्लेषणका आन्तरिक र बाह्य आधारमा उक्त प्रश्नको तुलनात्मक अध्ययन विश्लेषण  रहेको छ।

**अध्याय चारः** यस अध्यायमा प्रश्नपत्र विश्लेषणका आन्तरिक आधार अर्न्तगतका उपआधारहरू जस्तैः पाठ्यक्रम  अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन प्रश्नमा हुनुर्पे गुण र भाषा आदिका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ।

**अध्यय पाँचः** यस अध्यय उपसंहारका रूपमा प्रस्तुत गरिएको छ।

# अध्याय दुई

## भाषिक प्रश्न निर्माणका विविध पक्षहरूको सैद्धान्तिक विश्लेषण

### २.१ मूल्याङ्कन सम्बन्धी अवधारणा

मूल्य+अङ्क+अन मिली बनेको मूल्याङ्कन शब्दको अर्थ कुनै पनि कार्यको सङ्ख्या वा अङ्कद्वारा मूल्य निर्धारण गर्नु भन्ने हुन्छ । मूल्याङ्कन शिक्षा र मनोविज्ञानका क्षेत्रमा नयाँ अवधारणा हो जुन मापन भन्दा भिन्न प्रकृतिको हुन्छ। मूल्याङ्कन शब्दको प्रयोग हाल प्रचलनमा भए पनि यसले बुझाउने अर्थलाई परीक्षा र जाँच जस्ता प्राचीन शब्दहरूमार्फत चिनाउने गरिएको पाइन्छ तर यसमा मात्रै यसलाई सीमित पार्न मिल्दैन ।

विद्यार्थीहरूले शिक्षक वा गुरुबाट दिइएका निर्देशन एवम् पढाइका आधारमा पाठलाई कण्ठस्त गरी सुनाउने, पढेर सुनाउने आदि जस्ता कार्यहरू गरे वा नगरेको आधारमा सफल वा असफल भनी घोषणा गर्ने परम्पराबाट विकास हुँदै आधुनिक वैज्ञानिक धारणाका रूपमा मूल्याङ्कनसम्बन्धी विभिन्न विद्वानहरूले दिएका परिभाषालाई तल क्रमशः उल्लेख गरिएको छ ।

१) "मूल्याङ्कनअर्न्तगत विद्यार्थीको व्यवहारको गुणात्मक परिमाणात्मक दुबैको विवरणको साथै त्यस व्यवहारसँग सम्बन्धित मूल्यनिर्धारणसमेत पर्दछ ।"

- ग्रोनलुण्ड डिक्नरी अफ एजुकेसन

२) "मूल्याङ्कन भनेको शैक्षिक कार्यक्रमलाई व्यस्थित ढंगले जाँचबुझ गर्ने कडी हो ।"

–कर्नव्याक

३) "वास्तविक रूपमा शैक्षिक उद्देश्यहरूलाई कुन हदसम्म प्राप्त गर्न सकियो भनि किटान गर्ने प्रक्रिया मूल्याङ्कन हो ।" - टेलर

४) "मूल्याङ्कन कर्ताद्वारा कुनै पनि वस्तुको मूल्य निर्धारण गर्न अपनाइएको प्रक्रियालाई मूल्याङ्कन भनिन्छ ।" - शिक्षा शव्दकोश

५) "पाठअर्न्तगत विभिन्न गद्यपद्य विधामा पाठको विषयवस्तुलाई, मूलभाव, घटना, सन्देश, पात्र आदिका सम्बन्धमा गरिने परीक्षण र बोधअर्न्तगत दृष्टांश- अदृष्टांश

गद्य अनुच्छेदबाट पठनबोध क्षमता परीक्षण गर्ने कार्य मूल्याङ्कन हो ।"

- माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)

**माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)**

माथि उल्लेखित परिभाषाका आधारमा मूल्याङ्कनको विश्लेषण गर्दा कुनै पनि कार्यक्रमको उद्देश्य, कार्यकलापहरूसँग अभिन्न अङ्गको रूपमा हिड्ने पद्धति हो भन्न सकिन्छ । शिक्षाको सन्दर्भमा कुनै पनि शैक्षिक कार्यक्रमको उद्देश्य, कार्यकलाप र परिप्रेक्ष्य, साधन र सुविधा तथा उपलब्धिहरूको लेखाजोखा गरेर मूल्यनिर्धारण गर्नमा संलग्न रहेको हुन्छ । प्रशासनिक कार्य, विद्यार्थी परामर्श सेवासम्बन्धी कार्यलगायत शैक्षिक कार्यक्रमकै समग्र लेखाजोखा मूल्याङ्कन हो जसअन्तर्गत वस्तु, अवस्था वा घटनाको गुणात्मक पक्षको लेखाजोखा गर्ने प्रक्रियाबारे निर्णय पनि गरिन्छ । सामान्यतः शैक्षिक मूल्याङ्कनको औचित्य शिक्षण सिकाइमा सुधार गर्नुका साथै परीक्षा प्रणालीमा सुधार गर्न, प्रभावकारी शैक्षिक प्रणाली निमार्ण गर्न, स्तर निर्धारण गर्न, विभिन्न अध्ययन र अनुसन्धान आदिमा सहयोग पुऱ्याउनु समेत रहेको छ । शैक्षिक कार्यक्रमको गुण दोषको निर्धारण गर्न, विद्यार्थीको व्यवहार र सीपसम्बन्धी सर्वाङ्गीण विकासको रूपरेखा निक्यौल गर्न तथा ती समग्र पक्षमा रहेका गुणहरूको निराकरण गर्दै रचनात्मक एवम् निर्णयात्मक मार्गमा पथप्रदर्शन गर्न उद्यत रहने उपयोगी र अपरिहार्य प्रक्रियाका रूपमा व्यवहारमा देखापर्न थालेको छ ।

## २.२ परीक्षा र मूल्याङ्कन

कसै-कसैले परीक्षा कै पर्यायवाची शव्दका रूपमा मूल्याङ्कनलाई अर्थ्याएर हेर्ने गरेको पाइए पनि यी एउटै कुरा भने अवश्य होइनन् । मापन मूल्याङ्कनका लागि अनिवार्य सर्त हो भने परीक्षा मापनकै एउटा प्रक्रिया हो । मापनले कुनै पनि वस्तु वा व्यक्तिको कोरा प्रमाण तयार गर्ने काम गरे पनि निर्णय दिन भने सक्दैन । मापनका सबै सूचनाहरू विश्वसनीय एवम् वैध हुन्छन् भन्ने कुराको निश्चितता हुँदैन । विभिन्न समयमा गरिएका परीक्षण र मापनका सबै सूचनाहरूको आपसी सम्बन्ध मापनको साधन, श्रोत, परिस्थिति र अवस्थाका सूचनामा आधारित हुन्छ । परीक्षा मापनको एउटा प्रक्रिया हो (पौडेल, २०५२:२२) । परीक्षा विद्यार्थीको शैक्षिक उपलब्धि परीक्षण गर्ने एउटा प्रक्रिया हो । मापनले भौतिक तथा अभौतिक वस्तु शक्ति अथवा अवस्थाहरूमा निहित गुणको परिमाणात्मक लेखाजोखालाई जनाउँछ (ज व रा र अन्य, २०६४:२) । मापनले मात्रात्मक निर्णय गर्न

सकिए पनि मूल्याङ्कन वा निर्णय गर्न सक्दैन । यसमा विश्वासनीयता र वैधताको कमी हुने भएकाले मूल्याङ्कनबाट  नै निर्णय गरिन्छ । परीक्षा मूल्याङ्कनलाई आवश्यक सूचना प्रदान गर्ने काम गर्दछ । परीक्षा मूल्याङ्कनको साधन हो ।

शैक्षिक कार्यक्रमको उद्देश्य, सामग्री, प्रक्रिया शिक्षक दक्षता, विद्यार्थीको उपलब्धि लगायत पाठ्यक्रम आदिको सही प्रमाण परीक्षाले दिन्छ । शैक्षिक कार्यक्रमको प्रभावकारिता तथा संशोधन परिमार्जन र परिष्कार गरी निदानात्मक उद्देश्यमा पाइला चाल्न समेत परीक्षाले सहयोग गर्ने हुनाले शैक्षिक जगत्मा यसको महत्त्व स्वीकार्य छ । निर्णयको आधार तथा कार्य विश्लेषणबाट परीक्षाले मूल्याङ्कनलाई सहयोग पुयाउने भएकाले मूल्याङ्कनको सूचनात्मक साधनका रूपमा परीक्षालाई लिने गरेको पाइन्छ ।

विषय, प्रकृति र प्रयोगअनुसार परीक्षाका पनि विभिन्न भेद उपभेदहरू पाइन्छन् । स्तरयुक्त परीक्षा, प्रवेश परीक्षा, सीपगत परीक्षा, वार्षिक परीक्षा आदि । मुख्य रूपमा लिखित, मौखिक र प्रयोगात्मक गरी तीन प्रकारका परीक्षाहरू नै प्रयोगमा आएका छन् । निर्णयात्मक, निर्माणात्मक र निदानात्मक जस्ता प्रकृतिका मूल्याङ्कन हुन्छन् । परीक्षा र मूल्याङ्कन बीच अन्तर सम्बन्ध भएका कारण यिनीहरूको महत्त्व अकाट्य रहेको बुझ्न सकिन्छ । मूल्याङ्कन व्यापक क्षेत्रसँग आबद्ध रहेको शैक्षिक सन्दर्भको सैद्धान्तिक प्रशासनिक र पथप्रदर्शन सम्बन्धी कार्यहरूमा संलग्न हुन्छन् ।

## २.३ भाषिक मूल्याङ्कन र परीक्षण

भाषिक मूल्याङ्कन भनेको भाषिक सीपहरूको मूल्याङ्कन हो । जसको सम्बन्ध भाषा शिक्षणसँग हुन्छ । भाषाका विषयमा गरिने मूल्याङ्कनलाई भाषिक मूल्याङ्कन भनिन्छ (लामिछाने, २०५८:२५) । भाषिक सीपहरूको शिक्षण नै भाषा शिक्षण हो । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपहरू दक्षता बढाउने प्रयास बमोजिम भाषा शिक्षण गरिन्छ  । भाषिक मूल्याङ्कन भाषिक सीपको दक्षता वृद्धिसँग सम्बन्धित हुन्छ । परम्परागत दृष्टिमा लेखाइ सीपलाई मात्र महत्त्व दिएर भाषिक मूल्याङ्कन गर्ने प्रचलन थियो । सुनाइ, बोलाइ तथा पढाइलाई उपेक्षा गरिन्थ्यो । हालका दिनहरूमा चारै सीपलाई तहगत आधार बनाएर मूल्याङ्कन गर्ने प्रचलन बढेको देखिन्छ । तल्लो तहमा सुनाइ र बोलाइ जस्ता भाषिक सीपलाई महत्त्व दिइन्छ भने माथिल्ला तहहरूमा पढाइ र लेखाइलाई बढी महत्त्व दिएर भाषिक मूल्याङ्कन गर्ने गरिन्छ । भाषिक मूल्याङ्कन भाषाको ग्रहण पक्ष (

सुनाइ पढाइ) र अभिव्यक्ति पक्ष (लेखाइ र बोलाइ) सँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा नै केन्द्रित रहेको हुन्छ । यसको मूल उद्देश्य विद्यार्थीको भाषिक क्षमता स्तर आँकलन गर्नु मात्र नभएर शैक्षिक प्रक्रियाको प्रभावकारिता जाँच्नु पाठ्यांशको सरलता पहिचान गर्नु, शैक्षिक सामग्रीको उपयोगिता पहिल्याउनु, शिक्षण कार्यकलाप र सामग्रीको उपयुक्तता छानविन गर्ने हुनाले भाषा शिक्षणमा यसको उपयोगिता व्यापक रहेको पाइन्छ (अधिकारी, २०६१: २३४) ।

भाषिक मूल्याङ्कनका आधारमा शिक्षकले भाषा शिक्षणको उद्देश्य पूरा भए नभएको शिक्षण सिकाइ विद्यार्थीको स्तर अनुरूप भए नभएको पत्ता लगाउनु विद्यार्थीका कमीकमजोरी पत्ता लगाइ पृष्ठपोषण समेत दिने गर्दछ । शिक्षकलाई पनि शिक्षण प्रकृयामा सुधार गर्न भाषिक मूल्याङ्कनले मद्दत पुऱ्याउँदछ साथै यसको उपयोगिता शिक्षक र विद्यार्थीका लागि मात्र नभएर भाषा पाठ्यक्रमनिर्माता, पाठ्यपुस्तकनिर्माता, शिक्षाविद् समेतका लागि उत्तिकै महत्त्वपूर्ण देखिन्छ । भाषा शिक्षणमा अन्योल जटिलता देखा पर्न सक्छ । जटिलता र अन्योलताको स्थितिलाई सरल, सहज तथा सुगम बनाउन भाषा शिक्षणलाई निर्देशन गर्ने काम भाषिक मूल्याङ्कनले नै गर्दछ ।

## २.४ भाषिक मूल्याङ्कन प्रकृति

भाषिक मूल्याङ्कनले भाषिक सीपहरूको परीक्षण गर्दछ । भाषिक सीपहरू (सुनाइ, बोलाइ र पढाइ) बीच पूर्वापर सम्बन्ध रहेको हुन्छ । प्रथमिक तह (औपचारिक शिक्षाको सुरुको तह) मा भाषाको राम्ररी विकास भैसकेको हुँदैन भन्ने मान्यतामा आधारित रही सुनाइ र बोलाइ सीपको मूल्याङ्कन तथा विकास गर्ने पक्षमा पाठ्यक्रम केन्द्रित रहेको हुन्छ र मूल्याङ्कन पनि त्यसैमा केन्द्रित रहेको हुन्छ भने माथिल्ला तहमा क्रमशः भाषाको विकास भैसकेको हुन्छ भन्ने मान्यतामा सुनाइ, बोलाइ कम लेखाइ र पढाइलाई बढी महत्त्व दिएको हुन्छ । भाषिक सीपको परीक्षण मूलतः प्रयोगात्मक हुने र भाषिक धारणाहरूको परीक्षण सैद्धान्तिक प्रकृतिकै पनि अभिमूख हुन सक्छ । तल्ला तहहरू (कक्षा) का लागि प्रयोगात्मक र माथिल्ला तहहरू (कक्षा) का लागि आवश्यकता हेरी सैद्धान्तिक पक्षतर्फ पनि झुकाव बढाउन सकिन्छ (शर्मा र पौडेल,२०६०:२३५) ।

भाषा शिक्षणको मूल अभिप्राय भाषिक सीपहरूको कुशलता विकासमा केन्द्रित रहने भएकाले यसको परीक्षण पनि स्वभावतः प्रयोगात्मक प्रकृतितर्फ झुकेको हुनुपर्दछ तर

भाषिक सीपलाई सहायक हुने भाषिक धारणाहरूको परीक्षणका सन्दर्भमा सैद्धान्तिक प्रकृतितर्फ झुकेको हुनु स्वभाविक मानिन्छ । विचारणीय कुरा के छ भने उच्च तहका कक्षाहरूमा सैद्धान्तिक प्रकृतिका प्रश्नहरू पनि ग्राह्य हुन सक्छन् तर तल्ला कक्षाहरूमा भने सैद्धान्तिक प्रकृतिका प्रश्नहरू त्याज्य र प्रयोगात्मक प्रश्नहरू मात्र ग्राह्य हुन्छन् । नेपालको सन्दर्भमा माध्यमिक तहसम्म भाषा शिक्षण मूलतः सीपपरक भएकाले सैद्धान्तिक प्रकृतिका प्रश्नहरू उपयुक्त हुँदैनन् । भाषिक मूल्याङ्कनका सन्दर्भमा चर्चा गर्नु पर्दा भाषिक परीक्षणका प्रचलित प्रकृतिमाथि क्रमशः चर्चा गरिएको छ :

### क) पृथकीकृत र एकीकृत परीक्षण

एकल परीक्षण पनि भनिने पृथकीकृत परीक्षणमा भाषाका र भाषाका तत्त्वहरूका सैद्धान्तिक अवधारणाहरूलाई छुट्टाछुट्टै परीक्षण गर्ने अभिप्राय राखिन्छ । उच्चारण, वर्णविन्यास, वाक्यगठन, शब्दनिर्माण आदिको परीक्षण छुट्टाछुट्टै गरिने हुनाले यस सन्दर्भमा उपयोगमा ल्याइने उक्त परीक्षण प्रणालीलाई पृथकीकृत परीक्षण भनिएको हो । भाषाका सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को छुट्टाछुट्टै परीक्षण गर्ने काम पृथकीकृत परीक्षणमा हुन्छ । भाषिक सीप परीक्षणको छुट्टाछुट्टै परीक्षणका दृष्टिले यो धेरै प्रभावकारी र विश्वसनीय मानिएता पनि भाषाका पाठ्यपुस्तकहरू एकीकृत खालका नभइ पृथकीकृत खालका हुने भएकाले यस्तो अवस्थाका उपयुक्त नहुन पनि सक्छ (शर्मा र पौडेल, २०६७:३२२) ।

समग्रमा परीक्षण पनि भनिने एकीकृत परीक्षणमा भाषाका विविध सीपहरूलाई एकीकृत रूपमा मूल्याङ्कन गर्ने अभिप्राय रहेको हुन्छ । यस्तो प्रकृतिको परीक्षणले एउटै परीक्षण वा मूल्याङ्कनबाट भाषिक सीपहरू परीक्षण गर्न सकिन्छ । भाषिक सीपको एक आपसमा सम्बन्ध रहने भएकाले यो सीपहरूको बेग्लाबेग्लै परीक्षण हुनु औचित्यपूर्ण हुँदैन । बुँदा टिपोट, सारांश, संक्षेपीकरण, बोध तथा अभिव्यक्ति, टिप्पणी, चिठी, निबन्ध, दैनिकी निबन्ध लेखन, संवाद, विवाद, मनोवाद आदि सबै क्षेत्रमा भाषिक सीप समग्र रूपमा नै दर्सिने भएकाले भाषिक परीक्षणको स्वभाव एकीकृत हुनु जरूरी हुन्छ ।

### (ख) पहिचानात्मक र उत्पादनात्मक परीक्षण

मूलतः सैद्धान्तिक धारणाको बोध र ज्ञान क्षेत्रसँग सम्बन्धित प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् । व्याकरण र शब्दभण्डारका वस्तुगत (बहुबैकल्पिक, खाली ठाँउ भर्ने, जोडा मिलाउने, ठीक बेठीक छुट्याउने) प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् ।

सङ्क्षिप्त उत्तरात्मक र निबन्धात्मक प्रश्नहरू उत्पादनात्मक खालका हुन्छन् तर यी प्रश्नहरू पनि स्मरणलाई जोड दिने गराइ र घोकाइलाई प्रश्रय दिने खालका भए भने उत्पादनात्मक हुन सक्दैनन् । सैद्धान्तिक ज्ञान र धारणा नभइ प्रयोग क्षमता परीक्षण गर्ने ( वाक्य गठन, वाक्य परिवर्तन, शब्द निर्माण, वाक्यमा प्रयोग, शुद्धीकरण) आदि व्याकरण र शब्दभण्डारका प्रश्नहरू पनि उत्पादनात्मक खालका हुन सक्छन् । चिठी, दैनिकी, निबन्ध, संवाद, विवाद आदि रचनासँग सम्बन्धित प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् । श्रुतिबोध र पठनबोधसँग सम्बन्धित प्रश्नहरू भने उत्पादनात्मक र पहिचानात्मक दुबै प्रकृतिका हुन सक्छन् ।

**(ग) क्लोज र सी परीक्षण**

पठनबोध सम्बन्धी सीप परीक्षणका लागि वस्तुगत प्रश्नहरूको सट्टा 'क्लोज' विधिद्वारा परीक्षण गर्ने प्रचलन पाइन्छ, यसलाई एकीकृत र पृथकीकृत दुबै परीक्षणको प्रकृतिबाट हेर्न सकिन्छ (शर्मा र पौडेल,२०६०:२३६) । कुनै खाली ठाँउ राख्ने र ती खाली ठाँउमा विद्यार्थीहरूको उपयुक्त शब्दहरू पूर्ति गर्नु पर्ने प्रकृतिको परीक्षण क्लोज परीक्षण हो ।

क्लोज विधिको अर्को परिमार्जित प्रकारलाई 'सी' परीक्षण भनिन्छ । यसका अरू प्रक्रिया क्लोजका जस्तै हुन्छन् तर फरक के छ भने यसमा दुईका नियम  लागु हुन्छ र हरेक उद्धरणको सुरु र अन्त्यका वाक्यलाई जस्ताको तस्तै राखी दोस्रो वाक्यदेखि सुरू हुने हरेक शब्दको दोस्रो अंश हटाउँदै लगिन्छ । एउटा शब्दले बनेको अक्षरलाई गणना गरिदैन र विजोडी अक्षर भएका शब्दमा ठूलो शब्दलाई हटाइन्छ । उक्त हटाइएका अंशहरू विद्यार्थीहरूले पूर्णरूपले ठीकसँग पूर्ति गरेमा मात्र उत्तरलाई सही मानिन्छ (शर्मा र पौडेल, २०६०:२३६) । यस्ता दुबै खालका प्रश्नहरू हाल प्रचलनमा ल्याएको भने देखिदैन ।

**(घ) औपचारिक र अनौपचारिक परीक्षण**

भाषिक परीक्षण विकासात्मक, निर्माणात्मक खालको  नभई निर्णयात्मक खालको मात्र हुने परीक्षण औपचारिक परीक्षण हो । औपचारिक परीक्षण शैक्षिक सत्रको अन्त्यमा विद्यार्थीहरूलाई सफल या असफल घोषणा गर्नका लागि मात्र केन्द्रित रहन्छ । यस्तो परीक्षण शिक्षण सिकाइको साधन नभएर साध्य बन्न जान्छ जुन भाषा शिक्षणका लागि स्वीकार्य हुँदैन (भट्ट,२०६७:११५) ।

कुनै पनि सङ्गठित संस्थाको निर्धारित समय र परिधि भन्दा बाहिर रहेर जुनसुकै अवसर र अवस्थामा पनि विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्ने परीक्षण अनौपचारिक प्रकृतिको परीक्षण हो । भाषाको विविध सीप पक्षहरूको परीक्षण निर्धारित समयमा गरेर अधुरो अपुरो रहने भएकाले निरन्तर लेखाजोखा गरी  अभिलेख राख्ने कार्य अनौपचारिक परीक्षणमा गर्नु सान्दर्भिक र उपयोगी हुन्छ ।

## २.५ परीक्षणका प्रचलित युक्ति

एउटै मात्र तरिकाबाट एकभन्दा बढी परीक्षण गर्दा वैधता स्थापित हुन सक्दैन । एउटा युक्तिबाट एकमात्र सीपको परीक्षण हुनु स्वभाविक र वास्तविक भनिन्छ । हाल प्रचलनमा रहेका परीक्षणका युक्तिहरू दुई प्रकारका छन् :

### (क) स्तरयुक्त परीक्षा

दक्ष अनुभवी वा विषय विशेषज्ञद्वारा तोकिएको विभिन्न प्रक्रिया तथा विधिहरू निर्धारण गरिन्छ र एउटा मापदण्ड निर्धारण गरिन्छ र त्यही मापदण्डका आधारमा प्रश्न निर्माण गरिन्छ र परीक्षण गरिन्छ भने त्यसलाई स्तरयुक्त परीक्षा भनिन्छ । यहाँ विभिन्न रुलका आधारमा परीक्षा सञ्चालन गरिन्छ । यसमा एकरूपता हुन्छ (राष्ट्रिय, क्षेत्रीय, जिल्ला स्तरीय) । दक्ष व्यक्ति वा विशेषज्ञले मापदण्डका आधार आँकलन गरिन्छ र आँकलन पश्चात विश्लेषण व्याख्या गरिन्छ र निष्कर्ष निकालिन्छ । यसमा एकरूपता,  विशिष्टता पाइन्छ । यसमा निर्देशनहरू निर्माण गरिन्छ र त्यसैका आधारमा मूल्याङ्कन गर्ने गरिन्छ । त्यसमा शिक्षक निर्मित परीक्षामा भन्दा बढी स्तरीयता पाइन्छ । यसमा विशिष्ट विशेषज्ञहरू, शिक्षाविद्हरू, वुद्धिजीविहरू सम्मिलित हुन्छन । यसको क्षेत्र व्यापक हुन्छ, जसले गर्दा यसमा बढी विश्वसनीयता र वैधता पाइन्छ । यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म फैलिएको हुन्छ (भट्ट, २०६७:१२२) ।

### (ख) अध्यापक निर्मित परीक्षा

अध्यापक निर्मित परीक्षा शिक्षण गरिसकेपछि आफूले गरेको शिक्षण कस्तो भयो वा कति प्रभावकारी भयो भएन, पाठले राखेको उद्देश्य प्राप्ति भयो भएन जाँच्नको लगि शिक्षकले गर्ने मूल्याङ्कन प्रक्रियालाई अध्यापक निर्मित परीक्षा भनिन्छ (भट्ट, २०६७:१२४) । विद्यार्थीको उपलब्धि स्तर शिक्षकले निरन्तर रूपमा पाइ राख्नुपर्दछ । जसले गर्दा विद्यार्थीको

मूल्याङ्कन गर्न सजिलो हुन्छ । मूल्याङ्न निरन्तर रूपमा गर्नुपर्दछ त्यसैले यसलाई उपलब्धि मापन, उपलब्धि परीक्षा, कक्षा कोठा परीक्षा आदि नामले पनि चिनिन्छ ।

### २.६ परीक्षाका अन्य युक्तिहरू

माथि उल्लेखित प्रमुख दुई युक्तिहरू बाहेक प्रचलनमा रहेका परीक्षाका साधनका रूपमा निम्न प्रकारका युत्तिहरू रहेका छन् :

#### (क) लिखित परीक्षा

लिखित परीक्षा भाषिक अभिव्यक्ति सीप र त्यससँग सम्बन्धित अन्य पक्षहरूको परीक्षणका लागि अत्यन्त उपयोगी मानिन्छ । यस परीक्षणबाट बोध तथा अभिव्यक्ति भाषातात्त्विक धारणको परीक्षण सम्भव भए पनि संवाद, वादविवाद जस्ता पक्षको परीक्षण सम्भव हुँदैन । श्रुतिभाषिक, पठनवोध र लेखाइ सीपको परीक्षणमा यस परीक्षामा विषयगत र वस्तुगत दुबै प्रकृतिका प्रश्नहरूको समावेश गरेको पाइन्छ (शर्मा र पौडेल, २०६७:३३४) । निर्माणात्मक र निर्णयात्मक दुबै कार्यका दृष्टिले लिखित परीक्षा उपयोगी मानिन्छ । नेपालको सन्दर्भमा लिखित परीक्षालाई वार्षिक परीक्षाको रूपमा सञ्चालन गरी निर्णय गर्ने कार्यको रूपमा प्रयोग गरिएको पाइन्छ । हाल लिखित परीक्षा मूल्याङ्कनको मुख्य आधार बनेको छ ।

#### (ख) मौखिक परीक्षा

मौखिक परीक्षाको उपयोग लिखित र प्रयोगात्मक परीक्षाबाट लेखाजोखा गर्न नसकिने कतिपय पक्षहरूको मूल्याङ्कन गर्ने गरिन्छ । परीक्षार्थी र परीक्षकको बीचको प्रत्यक्ष सम्पर्कमा मौखिक रूपमा प्रश्नोत्तर गर्ने कार्यलाई मौखिक परीक्षा भनिन्छ । विद्यार्थीको मौखिक अभिव्यक्ति सीपको अतिरिक्त सस्वरपठन सीपको मूल्याङ्कन गर्न सकिन्छ (लामिछाने, २०६५:१९९) । यसका साथै सुनाइ र बोलाइ सम्बन्धी सीपहरू वस्तु तथा चित्र वर्णन, घटना वर्णन, वर्ण विभेदीकरण, उच्चारण, पठनबोध, शब्द प्रयोग जस्ताको मूल्याङ्कन गर्न सकिन्छ । मौखिक परीक्षाका माध्यमबाट विद्यार्थीहरूलाई कमजोरी पक्षको पृष्ठपोषण दिने कार्य गरिन्छ । माथिल्ला कक्षामा भन्दा तल्ला कक्षामा यसको प्रयोग बढी भएको पाइन्छ ।

### (ग) प्रयोगात्मक परीक्षा

प्रयोगात्मक परीक्षाको प्रयोग लिखित र मौखिक परीक्षाका माध्यमबाट गर्न नसकिने कुराको मापन गरी मूल्याङ्कन गर्नका लागि गरिन्छ । प्रयोगात्मक परीक्षाबाट व्यक्तिको क्रिया र सीपसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । विज्ञानजस्ता प्रयोगात्मक विषयमा प्रयोगात्मक परीक्षा आवश्यक देखिए पनि भाषिक सीप परीक्षण गर्ने भाषा शिक्षणमा समेत यसको महत्त्व रहेको पाइन्छ । सुनाइको एकाग्रता, बोलाइ, हाउभाउ, चेष्टा, सस्वरपठनको आरोह अवरोह गति, यति, लय र स्रोत प्रति सचेतता जस्ता कुराको जाँच प्रयोगात्मक परीक्षाबाट नै सम्भव हुने भाषिक मूल्याङ्कन्का सन्दर्भ यस परीक्षाको महत्त्व देखिन्छ (शर्मा र पौडेल, २०६७:३३५) । प्रयोगात्मक परीक्षणको युक्ति अवलोकनलाई मानी जाँचसूची र श्रेणीमापन जस्ता साधनको प्रयोग गरिएको पाइन्छ । नेपाली विषयको मूल्याङकनमा यो साधनलाई खासै प्रयोग गरिएको देखिन्न त्यसैले यस विधिलाई प्रयोगमा ल्याउन अत्यन्त आवश्यक देखिन्छ ।

## २.७ भाषिक परीक्षण योजना

भाषिक परीक्षण योजनाले भाषिक परीक्षणका आवश्यक पर्ने प्रश्नहरू योजनावद्ध तरिकाले निर्माण गर्न सहयोग भएकाले यसको महत्त्व देखिन्छ । कुनै कार्य गर्नु पूर्व सुनियोजित योजना निर्माण गर्नु आवश्यक देखिन्छ । योजना बिनाको कुनै कामले सार्थक रूप हाँसिल गर्न सक्दैन । त्यस्तै परीक्षणले पनि एक निश्चित योजना बिना सार्थक रूप हाँसिल गर्न सक्दैन । योजनाबद्ध रूपमा सञ्चालन गरेको कार्य सार्थक हुन्छ । परीक्षण योजना किन गर्ने के परीक्षण गर्ने ? कसरी परीक्षण गर्ने ? कहिले परीक्षण गर्ने भन्ने प्रश्न उत्तर दिनमा केन्द्रित हुने भएकाले यसको आधारमा निर्माण गरिएका प्रश्नहरू भाषिक मूल्याङ्कनका लागि उपयोगी हुन्छन् । यिनीहरू दोषमुक्त हुन्छन् । हचुवाका भरमा भाषिक प्रश्नहरू निर्माण गरी परीक्षा सञ्चालन गर्दा अपेक्षित सीपको परीक्षण नहुन सक्छ । भाषिक परीक्षण योजनामा देहायका उपायहरू अपनाउनु पर्छ ।

### (क) पाठ्यक्रम विश्लेषण

पाठ्यक्रम परीक्षण योजनाको मूल आधार हो । कहिले, किन, कसरी । के कति शिक्षण गर्ने भन्ने कुराको निर्धारण पाठ्यक्रमको अध्ययन विश्लेषण गर्नु आवश्यक मानिन्छ ।

परीक्षण प्रकृति, प्रश्नको प्रकृति, परीक्षणीय क्षेत्र आदि पत्ता लगाउने कार्य पाठ्यक्रमद्वारा प्राप्त हुने भएकाले पाठ्क्रमद्वारा प्राप्त हुने  पाठ्यक्रम विश्लेषणपश्चात् परीक्षण योजना निर्माण गर्दा परीक्षा वैध र विश्वसनीय बन्ने गर्दछ ।

### (ख) परीक्षण उद्देश्यको निर्धरण

उद्देश्य निर्धारण परीक्षण योजनाको सबैभन्दा पहिलो कार्य हो । योजना बिनाको परीक्षणले लक्ष्य प्राप्त गर्न सकिदैन । परीक्षणको प्रकृति परीक्षा सञ्चालन हुने समय र परीक्षणले समेटेको क्षेत्रले यसको उद्देश्यलाई इङ्गित गर्दछ । परीक्षणका उद्देश्य विभिन्न प्रकारका हुने गर्दछ । परीक्षण प्रवेश व्यवहार पत्ता लगाउनु, कार्यक्रमकको प्रमाणीकरण गर्न, कार्यक्रममा देखिएका समस्याको निराकरण गर्नका लागि सञ्चालन गरिन्छ । परीक्षण सुधारात्मक, निदानात्मक र निर्माणात्मक कुन उद्देश्य पूर्ति गर्नका लागि गरिएको हो भन्ने कुरामा निश्चितता गरिनुपर्दछ । विद्यार्थीहरूका उपलब्धि परीक्षण गर्ने क्रममा त्यो परीक्षण संज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक क्षेत्रहरूलाई समेट्ने गरी परीक्षणको स्तरीयता स्पष्टता, वैधता, व्यवहारिकता जस्ता गुणहरू समेत रहने गरी उद्देश्यहरू निर्धारण गरिनुपर्दछ ।

### (ग) विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग

परीक्षण योजनाको महत्त्वपूर्ण कार्य विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग हो । पाठ्यक्रमको अपेक्षाहरूको विश्लेषण पश्चात् शिक्षणीय उद्देश्यको निर्धारण गरेपछि परीक्षणमा विषयवस्तु, परीक्षण, प्रश्नका प्रकार, प्रश्न संख्या, अङ्कमा समय तथा परीक्षणीय उद्देश्यका क्षेत्र एवम तहहरूको स्पष्ट खाकालाई विशिष्टीकरण तालिका भनिन्छ (शर्मा र पौडेल, २०६६:२३०) । यसले प्रश्न निर्माणमा सहजता प्रदान गर्नुका साथै पाठ्यक्रम अनुरूपता, विश्वसनीयता, वैधता, विभेदकारीता, विविधता, स्तरयुक्तता र विषयगत सन्तुलन जस्ता आवश्यक गुणले युक्त प्रश्न बनाई परीक्षणलाई उद्देश्यपूर्ण बनाउन समेत मद्दत गर्दछ । त्रुटिरहित प्रश्नको निर्माण, महत्त्वपूर्ण  पक्षको प्रश्नमा  समावेश, समय, अङकभार र पाठ्यभारको सन्तुलित वितरण होस् भनेर विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग गरिन्छ ।

(घ) **प्रश्नरचना**

भाषा पाठ्यक्रमका अपेक्षित उद्देश्यहरू विद्यार्थीहरूले के -कति मात्रामा हासिल गरे भनि मापन गर्ने प्रमुख साधन प्रश्न नै हुन् । मूल्याङ्कनीय प्रश्नहरू भाषा पाठ्यक्रम समग्र पाठ्यवस्तुलाई समेट्ने गरी प्रतिनिधिपरक आधारमा निर्माण गरिनुपर्दछ । वैधता, उद्देश्यपरकता, विश्वसनीयता, व्याप्तता, विभेदकारीता, व्यवहार, योग्यता जस्ता आन्तरिक र बाह्य गुणले युक्त शुद्ध, स्पष्ट, निश्चित आयतनयुक्त एवम् स्तरयुक्ततामा ध्यान पुऱ्याउनु पर्छ । प्रश्नहरू सकेसम्म विकल्परहित हुनुपर्दछ । विकल्प दिनै पर्ने भए समान परीक्षण उद्देश्य र समान कठिनाइ स्तर भएका हुनुपर्छ प्रश्न दोहोरो अर्थ नलाग्ने स्पष्ट निर्देशन भएका, बहुमुखी, आशयरहित, पुच्छररहित र सुराकरहित बनाउनुपर्छ ।

**२.७.१ प्रश्नका प्रकार**

उत्पादानात्मक र पहिचानात्मक प्रकृतिका प्रश्नहरू भाषिक मूल्याङ्कनका लागि उपयोगमा ल्याउने गरिन्छ । यी प्रकृतिका प्रश्नहरूलाई विषयगत र वस्तुगत गरी दुई भागमा विभाजन गरी हेर्ने गरिन्छ ।

क. **वस्तुगत प्रश्न**

वस्तुगत प्रश्नको मुख्य विशेषता एक पटकमा एउटा कुराको मात्र परीक्षण गर्नु हो मूलतः पहिचानात्मक परीक्षणका लागि उपयोगी हुने यस्ता प्रश्नहरूबाट शब्दार्थ, शब्द प्रयोग, वर्ण विन्यास, भाषातत्त्व, बोध उच्चारण आदिको परीक्षण गर्न सकिन्छ (लामिछाने, २०४६:२३४) । विद्यार्थीहरूको भाषिक क्षमताको जाँच्ने क्रममा परीक्षणको व्यापकता बढाउन वस्तुगत प्रश्नले निकै मद्दत पुऱ्याउने देखिन्छ (अधिकारी, २०५७:२४७ ) । हाल प्रचलनमा रहेका वस्तुगत प्रश्नहरू यस प्रकार छन् :

(आ) **बहुवैकल्पी प्रश्न**

एउटा प्रश्नका धेरै विकल्पहरूमध्ये एउटा सही विकल्पमा घेरा (O) वा रेजा (✓) चिन्ह लगाउन निर्देशन गरिएका प्रश्नहरू नै बहुवैकल्पी प्रश्न हुन् । यस्ता प्रश्नमा विकल्पहरू ३ देखि ५ वटा सम्म विकल्पहरू उपयुक्त मानिन्छ । भाषिक परीक्षण क्रममा खास गरी श्रुतिबोध, पठनबोधको परीक्षण गर्ने तथा व्याकरणतत्त्व वर्णविन्यास, शव्दार्थ वाक्यगठन गर्ने तथा, व्याकरणतत्त्व, वर्णविन्यास, शव्दार्थ वाक्यगठन आदिको धारणात्मक

ज्ञानका सबै प्रयोगात्मक साम् उभ्याउन पनि बहुवैकल्पीक प्रश्न उपयोगी मानिन्छन् (शर्मा र पौडेल, २०६७:३६३) । यो प्रश्न निर्माण गर्न कठिन हुन्छ तापनि विश्वसनीयता र वैधता जस्ता गुणहरू युक्त प्रश्नहरू विद्यार्थीको क्षमता, योग्यता । स्मरण जस्ता गुण तथा क्षमताको विकास गर्न सहयोगी रहेका पाइन्छन् । प्रारम्भिक तहमा खासै प्रचलन नरहे पनि उच्च तहमा प्रचलनमा रहेका यस्ता प्रश्न वस्तुगत प्रश्नहरू मध्ये सबैभन्दा उत्तम मानिन्छन् ।

### (आ) खाली ठाउँ भर्ने प्रश्न

वा पदावली हटाएर खाली राखेर ती खाली ठाउँहरूमा उपयुक्त शब्द तथा पदावलीहरू भर्न लगाउने प्रश्नलाई खाली ठाँउ भर्ने प्रश्न भन्ने गरिन्छ । कुनै तिथि, मिति, घटना, स्थान, व्यक्ति जस्ता शब्द एवम् पदावलीलाई झिकेर सोही ठाँउमा उपयुक्त शब्द भर्न लगाउने यस्ता प्रश्नहरू मुख्य रूपमा स्मरणात्मक एवम् पहिचानात्मक क्षमताका विकासको लागि उपयोगी ठानिन्छ । खुला प्रकृतिका, जोडा मिलाउने प्रकृतिका वैकल्पिक प्रकृतिका हुन्छन् (शर्मा र पौडेल, २०६७:३६३) । माथिल्लो तहमा भन्दा तल्लो तहमा यस्ता प्रश्नहरूको प्रयोग गरिएको पाइन्छ ।

### (इ) जोडा मिलाउने प्रश्न

वाक्य वा शव्दहरूलाई दुई समुह भाग वा पङ्क्तिमा छ्यासमिस गरी राखेर तिनीहरूको सम्बन्धका आधारमा जोडा मिलाउने प्रश्न भनिन्छ । यस्ता प्रश्न निर्माण गर्दा दुवै समूहका वाक्य वा शव्दहरूको सम्वन्ध मिलेको हुनुपर्दछ र त्यही सम्वन्धको आधारमा विद्यार्थीहरूले धर्को तानेर वा सङकेतद्वारा जोडा मिलाउनु पर्ने हुन्छ (शर्मा र पौडेल, २०६७:३६३) । तल्ला कक्षाहरूमा बढी उपयोगमा ल्याइने यस्ता प्रश्नहरू श्रुतिवोध, पठनवोध र खासगरी पहिचानात्मक प्रकृतिका शब्दगत सम्बन्धको परीक्षण गर्न उपयोगी मानिन्छन् । यसको प्रयोग भाषिक परीक्षण सन्दर्भमा सीमित मात्रमा भएको पाइन्छ ।

### (ई) ठीक बेठीक छुट्याउने प्रश्न

सही र गलत उद्धरणहरू छ्यासमिस पारेर दिइ साँचो झुटो, हो होइन, (✓) आदि संकेतद्वारा छुट्याउन लगाउने प्रकृतिका प्रश्नलाई ठीक बेठीक प्रश्न छुट्याउने प्रश्न भनिन्छ (शर्मा र पौडेल, २०६७:३६४। विद्यार्थीको स्मरण शक्ति जाँच्न यस्ता प्रकृतिका

प्रश्नहरू उपयोगी भनिए पनि परीक्षणीय दृष्टिले त्यति उपयोगी र विश्वसनीय मानिदैनन् । प्रारम्भिक तहमा भने यस्ता प्रश्नहरू केही हदसम्म उपयोगी मानिन्छन् ।

### (ख) विषयगत प्रश्न

विषयवस्तुलाई विशेष जोड दिएर विषयवस्तुको ज्ञान क्षमता जाँच्न निर्माण गरिने प्रश्न नै विषयगत प्रश्न हुन् । यस्ता प्रश्नहरू विषयवस्तुको ज्ञानका साथै विद्यार्थीहरूको लेखनशैली, संगठन पक्ष, रचना पक्ष, कला पक्ष, सिर्जनात्मक एवम् मौलिक अभिव्यक्ति क्षमता आदि पक्षको जाँच गर्न उपयोगी मानिन्छन् । विद्यार्थीहरूले आफ्ना वैयक्तिक क्षमता, सीप र शैलीको प्रयोग गरेर देखाउने अवसर पाउने भएकाले यस्ता प्रश्नलाई व्यक्तिनिष्ठ प्रश्न पनि भनिन्छ (शर्मा र पौडेल, २०६०:२३३) । व्यापक विषयवस्तुलाई ढाक्न नसक्ने मुख्य मुख्य कुरालाई मात्र महत्त्व दिने र मापनीय विश्वसनीयता त्यति नहुने जस्ता दोषहरू पाउने गरिएता पनि हाल विषयगत प्रश्नमा निकै सुधार गर्ने प्रयास गरिएको पाइन्छ । विषयगत प्रश्नलाई दुई भागमा बाँड्न सकिन्छ :

### अ) निबन्धात्मक प्रश्न

विद्यार्थीहरूको विषयवस्तुप्रतिको ज्ञान तथा सुगठित लिखित अभिव्यक्ति रचनाको परीक्षणका लागि निबन्धात्मक प्रश्नहरूलाई उपयोगमा ल्याइन्छ । विद्यार्थीहरूको विषयवस्तु संयोजन गर्ने क्षमताको जाँच यसमा गरिन्छ । निबन्ध जस्तै लामो रूपमा लेखिने चिठी, दैनिकी, प्रतिवेदन, टिप्पणी, वर्णन, व्याख्या, विवेचना, समीक्षा आदि संगठित लिखित अभिव्यक्ति रचना परीक्षणका लागि यस्ता प्रश्नको उपयोग गरिन्छ (शर्मा र पौडेल, २०६७:३६२) ।

निबन्धात्मक प्रश्नले विद्यार्थीको उत्पादनात्मक क्षमताको परीक्षणमा सहयोग गर्दछन् । यस्ता प्रश्नहरू निर्माण गर्न छिटो सरल भएता पनि परीक्षणमा विश्वसनीयता र वैधता भने कमी नै रहेको हुन्छ ।

### (आ) संक्षिप्त उत्तरात्मक प्रश्न

एक वाक्यदेखि लिएर एक अनुच्छेदसम्म उत्तर दिन सकिने प्रश्नलाई सङ्क्षिप्त उत्तरात्मक प्रश्न भन्ने गरिन्छ । यस्ता प्रश्नलाई लिखित र मौखिक दुवै रूपमा प्रयोग गर्न सकिन्छ । सङ्क्षेपीकरण गर्न देखेका, सुनेका, पढेका आधारमा छोटो-छोटो उत्तर दिने काम

यसमा हुन्छ । भाषातत्त्व, उखान, टुक्काको अर्थपूर्ण प्रयोग वाक्यगठन गर्ने, वाक्य संश्लेषण र विश्लेषण गर्ने प्रकृति र प्रत्यय छुट्याउने, वाक्य तथा वाक्यन्तरण गर्ने आदि जस्ता कुरामा सङ्क्षिप्त उत्तरात्मक प्रश्नबाट परीक्षण गर्दा निबन्धात्मक उत्तरका अपेक्षा बढी विश्वसनीय हुन्छ (लामिछाने, २०६५:२०१) । यस्ता प्रश्नमा विश्वसनीयता, वैधता, विभेदकारिता जस्ता गुणहरू पाउन सकिन्छ ।

### २.७.२ प्रश्नका गुणहरू

वैधता, विश्वसनीयता, विभेदीकारिता तथा व्यवहारिकता जस्ता प्रश्नहरूलाई प्रश्नपत्रका गुणहरू मानिन्छन् । गुणहरू स्तरीय प्रश्नपत्रका लागि अपेक्षित हुन्छन् । प्रश्नपत्रको आन्तरिक पक्षलाई सबल एवम् दुर्बल पार्नुमा यिनै गुणहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । गुणहरूका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गर्न सकिन्छ :

**(क) विश्वसनीयता**

विद्यार्थीहरूमा विकास भएको ज्ञान, सीप, अभिवृत्ति जस्ता पक्षहरूको मापन गर्न पटक-पटक प्रयोग गर्दा नतिजामा देखा पर्ने एकरूपतालाई वा अवस्थालाई विश्वसनीयता भनिन्छ (पराजुली र अन्य, २०६५:१५०) । प्रश्नले गरेको परीक्षणको शुद्धताको मापन गर्दछ । विश्वसनीयताले मापनको शुद्धता, स्थिरता, एकरूपता भविष्यवाणी गर्न सक्ने अवस्थाबारे जानकारी दिन्छ । विश्वसनीयताको अभावमा सही परीक्षण हुन नसक्ने हुनाले यो प्रश्नको अनिवार्य गुण हो । यो वस्तुगत प्रश्नमा भन्दा विषयगत प्रश्नमा बढी पाइन्छ । विश्वसनीयतामा प्रभाव पार्ने तत्त्वहरूलाई हटाइ विश्वसनीयता कायम राख्न सकिने प्रचलित विधिहरूमा परीक्षण पुनः परीक्षण विधि, समानान्तर प्रारूप विधि र आन्तरिक एकरूपता विधि पर्दछन । यी विधिहरूको उचित प्रयोग गर्न सकेमा प्रश्नलाई विश्वसनीय मान्न सकिन्छ ।

**(ख) वैधता**

वैधता परीक्षणको साधनमा हुनुपर्ने आवश्यक गुण हो, वैधताको अभावमा कुनै पनि परीक्षणले आफ्नो उद्देश्य हासिल गर्न सक्दैन । जुन कुराको परीक्षण गर्नका लागि साधनको निर्माण गरिएको हुन्छ । साधन त्यही कुराको परीक्षण गर्नु नै साधनको वैधता हो । मापनको साधनले उद्देश्यअनुसारकै विद्यार्थीको ज्ञान, सीप, अभिवृद्धि र व्यवहारलाई मापन गर्दछ भने

मापनको साधनको त्यस गुणलाई वैधता भनिन्छ (पराजुली र अन्य, २०६५:१६४) । प्रश्नको औचित्यलाई प्रष्ट पार्ने कार्य वैधताले गर्दछ । वैधता नभएको साधनको प्रयोगबाट गरिएको परीक्षण उपलब्धिमूलक नहुने भएकाले  वैधतायुक्त साधन निर्माण गरिनुपर्दछ । वैधतालाई परीक्षाको लम्बाइ, भाषा, निर्देशन, विषयवस्तुको समेटाइ, प्रश्नको कठिनाइस्तर, सामाजिक र सांस्कृतिक भिन्नता आदिले वैधतालाई प्रभाव पार्दछ । वैधतालाई चार भागमा बाँडिएको पाइन्छ :

(अ) **विषयगत वैधता**

परीक्षणमा समावेश गरिएका प्रश्नहरूले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्दछन् भने त्यस्तो जाँचमा विषयवस्तुगत वैधता रहेको मानिन्छ (ज.व.रा. र अन्य, २०६४:१९०)। पाठ्यक्रमबाट परीक्षणको सह-सम्बन्ध स्थापित गरी वैधता पत्ता लगाइन्छ भने त्यस्तो वैधतालाई विषयगत वैधता भनिन्छ । अर्थात जब कुनै परीक्षणले कुनै पाठ्यवस्तुको वा पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्दछ भने त्यसलाई विषयगत वैधता भनिन्छ । विषयगत वैधताका लागि विद्यार्थीको स्तर अनुकूलको प्रश्न शुद्ध भाषा र सरल भाषा, स्पष्ट निर्देशन सम्पूर्ण पाठ्यक्रमलाई ओगट्न सक्ने प्रश्न, पाठ्भार, पाठ्याशं र अङ्कभारको समान अनुपात प्रश्नको अनुक्रम र चाहेको परिवर्तनलाई मापन गर्न सक्ने खालका परीक्षण प्रश्न निर्माणमा ध्यान पुऱ्याउनुपर्छ ।

(आ) **रचनात्मक वैधता**

रचनात्मक वैधता विद्यार्थीका वुद्धिमता, व्यक्तित्व, तार्किकता, मौलिकता एवम् सिर्जनात्मक कुशलताजस्ता मनोवैज्ञानिक गुणको परीक्षणसँग सम्बद्ध हुन्छ । त्यसैले रचनात्मक वैधता भन्नाले परीक्षणबाट प्राप्त अङ्कलाई विद्यार्थीको वास्तविक प्रतिभा र क्षमताको आधारमा व्याख्या गरिने वैधताका रूपमा वुझिन्छ । विद्यार्थीका तार्किक, बौद्धिक, मौलिक एवम् सिर्जनात्मक क्षमताको परीक्षण गर्न सक्ने प्रश्नहरूबाट गरिएको परीक्षणबाट वास्तविक उपलब्धि मापन गर्न सकिने भएकाले रचनात्मक वैधता अन्य वैधताभन्दा महत्त्वपूर्ण हुने गर्दछ (भट्ट, २०६७:२५१)।

यस आधारमा हेर्दा सबै विकास क्षेत्रका दुवै सालका प्रश्नपत्रमा स्वतन्त्र र निर्देशन गरी दुई प्रकृतिका प्रश्नहरू समावेश गरिएका छन् । स्वतन्त्र रचनातर्फ निबन्ध लेखन, वादविवाद, संवाद, मनोवाद लेखनसम्बन्धी प्रश्नहरू सोधिएका छन् । निर्देशित रचना

अन्तरगत जीवनी र कथा लेख्ने प्रश्नहरू सोधिएका छन् । निबन्ध लेखनमा अन्य प्रश्नहरूको उत्तरमा सीमाङ्कन गरिएको पाँइदैन ।

### (इ) अनुमानात्मक वैधता

प्राप्ताङ्कका आधारमा भविष्यको उपलब्धिको अनुमान गर्न सक्ने मापनको साधनको गुणलाई अनुमानात्मक वैधता भनिन्छ । यदि कुनै जाँचको प्राप्ताङ्कले व्यक्ति विशेषको सम्बन्धित क्षेत्रमा सफलता र असफलताको अनुमान गर्न सक्दैन भने त्यस्ता प्रश्नलाई अनुमानात्मक वैधता दृष्टिले अवैध मानिन्छ ।

### (ई) समवर्ती वैधता

वर्तमान अवस्थामै एक परीक्षण र अर्को परीक्षणका बीचको सम्बन्धका आधारमा वैधता जाच्नुलाई समवर्ती वैधता भनिन्छ (शर्मा एण्ड शर्मा, २०६१ः २२६) । यदि अहिलेको परीक्षण र पछिको परीक्षणको प्राप्ताङ्कमा निकटवर्ती समानता भयो भने त्यस्तो प्रश्नपत्रमा समवर्ती वैधता हुन्छ । यस आधारमा प्रश्नपत्रलाई हेर्दा प्रश्नपत्रको परीक्षण नतिजा र पूर्वपरीक्षण नतिजा समेत नभएकाले प्रतिनिधि प्रश्नहरूको समवर्ती वैधता जाँच गर्न असम्भव रहेको छ ।

## २.७.३ विभेदकारिता

यसलाई पनि प्रश्नपत्रको एउटा गुण मानिन्छ । विभेद गर्न सक्ने अथवा उपलब्धि स्तरका आधारमा यसको क्षमता कति छ भनि मापन गर्नु नै विभेदकारिता हो । प्रश्नले विद्यार्थीहरूको बौद्धिक, तार्किक, सीपगत कुशलता, शैलीगत सिर्जनशीलता जस्ता पक्षको समेत परीक्षणबाट उच्च, मध्यम र निम्नस्तर निर्धारण गरी भिन्नता छुट्याउन सक्दछ भने त्यस्तो प्रश्नलाई विभेदकारितायुक्त प्रश्न भन्न सकिन्छ । यस आधारमा प्रश्नपत्रलाई हेर्दा पाठ्यपुस्तकबाट हुबहु सारिएका केही प्रश्नहरूले विभेदकारितामा ह्रास ल्याए पनि उत्पादनात्मक एवम् पहिचानात्मक प्रकृतिका प्रश्नको निर्माण गरी यसबाट विभेदकारिता सम्बन्धी गुणको परीक्षण गर्न खोजिएको देखिन्छ ।

## २.७.४ व्यवहारिकता

परीक्षणकालागि निर्मित सामग्रीमा व्यवहारिकताको गुण हुनु अनिवार्य मानिन्छ । उद्देश्य पनि व्यवहारिक हुनु अनिवार्य हुन्छ । मापनका साधनका निर्माण तथा प्रयोगमा

समय, प्रविधि, जनशक्ति जस्ता दृष्टिले उपयुक्त बनाउनु महत्त्वपूर्ण हुन जान्छ । प्रश्नलाई व्यवहारिक वनाउन यसका आन्तरिक तत्त्वहरू जस्तै प्रश्न संख्या, प्रश्नका किसिम, कठिनाइस्तर र उत्तर लेखनका लागि आवश्यक पर्ने समयावधि उपयुक्त र सुहाउँदा हुनुपर्छ ( पराजुली र अन्य, २०६५:१०) ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्न सङ्ख्या र समय उपयुक्त नै देखिन्छ । खर्चका दृष्टिले प्रश्नपत्रहरू मितव्ययी नै छन् र मध्यम स्तरीय कागजको प्रयोग भएका छन् । शब्दभण्डार व्याकरण आदिको पनि अङ्कन ठीकै छ । तार्किक कुराहरू जीवनी लेखन जस्ता कुरामा केही जटिलता हुन सक्ने देखिन्छन् ।

### २.७.५ भाषा

प्रश्नपत्रको आन्तरिक स्वरूपलाई प्रभाव पार्ने तत्त्वमध्ये भाषा पनि एक हो । प्रश्नपत्रमा प्रयुक्त भाषाका माध्यमबाट नै विद्यार्थीहरूले उत्तर दिने हुँदा यसमा प्रयुक्त भाषा सरल, सहज, स्पष्ट, शुद्ध एवम् विद्यार्थीको स्तर अनुरूपको हुनु आवश्यक छ । यस आधारमा प्रतिनिधि प्रश्नहरूमा अर्थघातक त्रुटिहरू पाइएको छैन । प्रश्नको भाषामा पाइएका सामान्य त्रुटिहरू  भने अघिल्लो अध्यायमा नै चर्चा गरीसकिएको छ ।

## २.८ प्रश्नका विविध पक्षहरू

लिखित परीक्षा विषयत र वस्तुगत गरी दुई प्रकारका हुन्छन् । वस्तुगत प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् भने विषयत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका/प्रतिनिधि प्रश्नहरूरूको कुरा गर्दा विषयगत र केही वस्तुगत प्रकृतिका प्रश्नहरू समाविष्ट छन् । पढाइ र लेखाइ सम्बन्धी सीपको मात्र परीक्षण हुन सकेको छ । यिनीहरूमा सुनाइ र बोलाइको गुञ्जायस पनि पाँइदैन ।

पाठ्यक्रम र विशिष्टिकरण तालिका अनुरूप प्रश्नहरू निर्मित भएका छन् । प्रश्नपत्रमा समाविष्ट प्रश्नका आधारमा विश्वसनीयता, वैधता, व्यवहारिकता, विभेदकारिता जस्ता गुणहरू केही मात्रामा पाइएता पनि पूर्णरूपमा पाँइदैनन् । भाषाका केही त्रुटि तथा भाषिक सीपसँग सम्बन्धित प्रश्नहरूलाई राम्ररी ख्याल गरी प्रश्न निर्माण गर्न खोजिएता पनि भाषिक सीप र भाषामा केही पूर्ण स्पष्टता भने पाँइदैन ।

## २.९ प्रश्नहरूको सङ्गठन निर्देशन र अन्तिम तयारी

निर्मित प्रश्नलाई उपयुक्त ढङ्गले संगठित गरी प्रश्नका प्रवृत्ति र परीक्षण उद्देश्यअनुसार समूहमा सरलदेखि जटिलताको क्रममा मिलाएर राख्ने प्रक्रियालाई परीक्षण योजना भनिन्छ । प्रश्नहरूको उत्तर के कति दिने प्रश्नको जवाफ दिने तरिका आदिबारे सरल, प्रष्ट भाषामा उपयुक्त निर्देशन प्रत्येक समूहको सुरूमा दिनुपर्छ । प्रश्नहरूको सङ्ख्या परीक्षण समय र स्थानका बारेमा पहिले नै व्याख्या गरी सकेको हुनुपर्छ ।

## २.१० परीक्षण प्रशासन र अङ्कन विधि

परीक्षण प्रशासन र अंङ्कन विधि परीक्षण योजनाको महत्त्वपूर्ण चरण हो । परीक्षण सञ्चालन गर्नका लागि परीक्षार्थी सङ्ख्या, परीक्षण समय, भवन, कोठा, फर्निचर, वातावरण, सुरक्षा आदि कुराको पूर्ण अध्ययन गरी आवश्यक स्रोत साधन, खर्च र भौतिक साधनहरूको पूर्ण व्यवस्था मिलाउनु पर्दछ । यसको सञ्चालन र व्यवस्थाको तयारीलाई परीक्षण प्रशासन भनिन्छ । परीक्षण प्रशासन नगरी सञ्चालन गरिने कुनै पनि परीक्षाले वास्तविक उपलब्धि गर्न सक्दैन ।

परीक्षण पश्चात उत्तरपुस्तिकाको सङ्कलन गरी त्यसको अङ्कन गर्नु जरूरी हुन्छ अङ्कन प्रक्रिया व्यवस्थित र वैज्ञानिक हुनु आवश्यक हुन्छ । अङ्कन मापनमा विश्वसनीयता र वैधता कायम होस, अपेक्षित उद्देश्यअनुरूप मापन हुन सकोस्, परीक्षा पूर्वग्राही ढङ्गले चल्न नपाओस भन्नको लागि सम्पूर्ण निर्देशन सहितको उत्तरकुञ्जिका तयार गर्नु पर्दछ । विषयगत प्रश्नको भने अङ्‌कन मापनका लागि मापनको सूची, तालिका, बुँदा वा रूपरेखा सहीत परीक्षण गरी अङ्कन व्यवस्था मिलाउनु पर्दछ । अङ्कन कार्यमा एकरूपता, विश्वासनीयता, वैधता र सरलता ल्याउनको लागि विषयगत प्रश्नको परीक्षणमा उपयोगी हुने केही विधिहरूलाई यसरी देखाउन सकिन्छ :

### (क) बुँदागत अङ्कन मापन

प्रश्नका परीक्षण आशयलाई बुँदागत रूपमा परिणत गरी सोहीअनुसार प्रश्नको अङकभारलाई विभाजित गरेर त्यसै अनुरूप अङ्क मापन गर्ने विधिलाई बुँदागत अङकन मापन विधि भनिन्छ । यसरी परीक्षण गर्नाले भरै हदसम्म एकरूपता, वस्तुगतता र

विश्वसनीयता कायम राख्न सकिन्छ । अन्य विधि भन्दा यो विधि सरल र सुलभ मानिन्छ ( शर्मा र पौडेल, २०६०:२३७) ।

### (ख) प्रश्नगत अङ्क मापन

विद्यार्थीहरूले सबै उत्तर राम्रो सबै उत्तर नराम्रो लेखेको हुँदैन यसो हुँदा पहिलो प्रश्न राम्रो वा नराम्रो जे पनि हुन सक्छ । त्यसको प्रभाव परी सबै प्रश्नहरू त्यही क्रममा परीक्षण हुन सक्छन् । अङ्कनमा निस्पक्षता ल्याउनकालागि परीक्षार्थीका सबै उत्तरहरू एकै पटक जाँच्नुको सट्टा कुनै एउटा प्रश्नका सबै उत्तरहरू एकै पटक जाँच्नुलाई प्रश्नगत अङ्क मापन भनिन्छ । यसबाट मापनमा समानता आउनका साथै एक प्रश्नको प्रभाव अर्कोमा पर्दैन (शर्मा एण्ड शर्मा, २०६१:२६५) ।

### (ग) समूहगत अङ्क मापन

विद्यार्थीका उत्तरलाई पहिले सरसरती हेरेर भनी उत्तम, उत्तम मध्यम, निम्न र अति निम्न आदि समूहमा छुट्याइराख्ने र त्यसपछि एउटा समूहको उत्तर जाँचिसकेपछि क्रमशः अन्य समूहको उत्तर जाँचेर अङ्कन गर्ने विधिलाई समूहगत अङ्कन मापन विधि भनिन्छ । यो विधि केही हदसम्म उपयुक्त भए पनि एकपटक हेरीसकेका उत्तरपत्रलाई पुनः दोऱ्याएर हेर्नुपर्ने हुनाले झन्झटलाग्दो मानी व्यवहारमा ल्याइएको पाँइदैन (शर्मा र पौडेल, २०६०:२३९) ।

### (घ) बहुपरीक्षणद्वारा अङ्क मापन

उत्तरपुस्तिकालाई परीक्षण गर्दा एउटा मात्र परीक्षकद्वारा नगराइ तीन चार जना परीक्षकद्वारा गराएर औसत अङ्कलाई निर्णायक अङ्क मान्ने मापन विधिलाई बहुपरीक्षणद्वारा अङ्क मापन भनिन्छ । मापनमा एकरूपता र विश्वसनीयता कायम गर्न यो विधि प्रभावकारी देखिन्छ ।

## २.११ भाषिक परीक्षणका सन्दर्भमा विषयगत प्रश्नहरूको अङ्क मापन

अन्य विषयको परीक्षणभन्दा भाषिक परीक्षणका सन्दर्भमा विषयगत प्रश्नहरू सीपपरक र ज्ञानपरक गरी दुई प्रकृतिका हुन्छन् । सीपपरक प्रश्नहरू हुनु र भाषिक तत्त्व सुझ र धारणाको परीक्षणकालागि ज्ञानपरक प्रश्नहरू रहने गर्दछन् । ज्ञान पक्षसँग सम्बन्धित उत्तरको मापन गर्ने आधार तयार गर्दा प्रश्नको आशयलाई विश्लेषित गरेर आवश्यकता

अनुसार विभिन्न बुँदाका अङ्क विभाजन गरी निबन्ध पक्ष भन्दा ज्ञान पक्षलाई जोड दिई मापनका आधार तयार गरिनु पर्दछ जस्तै,

सङ्गठन पक्ष-१० प्रतिशत

व्याकरण-१० प्रतिशत

शब्द छनोट तथा प्रयोग-१० प्रतिशत

यान्त्रिक पक्ष-१० प्रतिशत

विषयवस्तुको ज्ञान र अवधारणा-६० प्रतिशत

जम्मा १०० प्रतिशत

(शर्मा र पौडेल, २०६०:२३८)

अभिव्यक्ति सीपको परीक्षणसँगै भाषिक परीक्षण सम्बन्धित हुने गर्दछ । यस्तो अभिव्यक्ति सीप एकीकृत समग्रतात्मक निबन्धमा आधारित भएकाले भाषिक परीक्षणका सन्दर्भमा समग्र अनुरूपको अङ्क नै बढी उपयुक्त हुन्छ । अभिव्यक्ति सीपको परीक्षणमा कहिलेकाही उत्तरको निबन्ध पक्षलाई विभिन्न बुँदामा विश्लेषित गरेर विश्लेषणात्मक ढङ्गले अङ्कन मानको आधार तयार गर्न सकिन्छ । जस्तैः

शैली सङ्गठन ३० प्रतिशत

व्याकरण-३० प्रतिशत

शब्द छनोट तथा प्रयोग-२० प्रतिशत

यान्त्रिक पक्ष-२० प्रतिशत

जम्मा १०० प्रतिशत

(शर्मा र पौडेल, २०६०:२६९)

समग्र अनुरूप र विश्लेषणात्मक तरिकाले विषयगत प्रश्नका उत्तरलाई अङ्कन गर्ने गरिन्छ । विश्लेषणात्मक प्रकृतिको प्रक्रियामाथि उल्लेख गरेको तरिका हो । यो प्रक्रिया जटिल एवम् झन्झटिलो हुन्छ । यो प्रक्रिया अनुसार परीक्षण गर्ने परीक्षक कुनै हुन्छन् ।

विश्लेषणात्मक पद्धति जटिल हुने भएकाले समग्र अनुरूपको पद्धति अपनाएर अङ्कन गर्नु नै उपयुक्त मानिन्छ ।

## २.१२ प्रश्न विश्लेषणका आधारहरू

परीक्षणका लागि निर्मित प्रश्नहरू कस्ता भए ? के-के त्रुटिहरूको सुधार गर्नु पर्दछ ? प्रश्नहरूको कठीनाइस्तर कस्तो छ ? प्रश्नहरूको बीचको विभेदीकरण कस्तो छ ? भनि जाँच्नु नै प्रश्न विश्लेषण हो । प्रश्न विश्लेषणले स्तरयुक्त गुणस्तरीय उपयुक्त प्रश्न निर्माण र छनोटमा सहयोग पुऱ्याउँदछ । प्रश्न विश्लेषणका लागि तत्त्वका दुई आधारहरूलाई मुख्य आधार मान्न सकिन्छ :

### (क) तथ्याङ्कशास्त्रीय आधार

गणितीय आधारमा विश्वसनीयता, वैधता, कठीनाइस्तर, विभेदकारिता आदि पत्ता लगाई उपयुक्तता पहिचान गर्नु नै प्रश्न विश्लेषणको तथ्याङ्कशास्त्रीय आधार हो । प्रश्न विश्लेषण गर्दा समय, साधन, स्रोत र श्रमको खर्च भए पनि यस आधारलाई प्रभावकारी आधार नै मानिन्छ । व्यक्तिगत प्रयास यसमा प्रायः असम्भव हुने भएकाले सामुहिक संलग्नतामा प्रश्न विश्लेषण गरिने हुँदा यसलाई प्रश्न विश्लेषणको भरपर्दो आधार मानिन्छ ।

### (ख) सैद्धान्तिक आधार

प्रश्न निर्माण सिद्धान्तलाई मुख्य आधार मानि प्रश्नको विश्लेषण गरिन्छ भने त्यसलाई सैद्धान्तिक आधारमा गरिएको प्रश्न विश्लेषण भनिन्छ । यसमा हुनुपर्ने गुण र प्रश्नपत्रको आन्तरिक र बाह्य स्वरूपका दृष्टिले वैधता केलाई निष्कर्ष निकालिन्छ । त्यस्तै प्रश्नको उपयुक्तता, व्यवहारिकता र संक्षिप्तता, निश्चितता र स्पष्टता आदिका आधारमा प्रश्न विश्लेषण गरिन्छ । प्रश्नविश्लेषण वा सैद्धान्तिक आधारहरू निम्न रहेका छन् :

(अ) बाह्य आधार

(आ) आन्तरिक आधार

(अ) बाह्य आधार

आकार प्रकार र स्वरूप नै प्रश्नको बाह्य आधार हो । प्रश्न पत्रको आकृतिगत वैधता केलाउने कार्य बाह्य आधार अन्तर्गत पर्दछ । प्रश्नपत्र आकर्षक, स्पष्ट एवम् स्तरीय

हुन नसके बाह्य आकृति प्रभावकारी बन्न सक्दैन । बाह्य आधारअर्न्तगत प्रश्नपत्रको किनारा छोडाइ, कागजको स्तर, निर्देशन, अङ्क विभाजन, प्रस्तुती, अनुक्रम, स्वरूप, भाषा आदि पक्षको समेत विश्लेषण गरिन्छ । प्रश्नपत्र निर्माणको बाह्य आधार नै दोषपूर्ण भएका आन्तरिक आधार पनि दोषपूर्ण हुनजाने हुँदा शैक्षिक अपेक्षाहरू नै अपूर्ण रहने स्थितिको सिर्जना हुन पुग्दछ । तसर्थ प्रश्न निर्माण गर्दा बाह्य आधारमा पनि राम्रो ध्यान पुऱ्याउनु जरूरी मानिन्छ ।

### (आ) आन्तरिक आधार

प्रश्न विश्लेषणको महत्त्वपूर्ण र केन्द्रीय आधार आन्तरिक आधार हो पाठ्यक्रमक अपेक्षितहरूलाई परिपूर्ति गर्नका लागि प्रश्नलाई स्तरीय, विश्ससनीय र वैध बनाउनका लागि आन्तरिक आधारको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रश्न विश्लेषणको आन्तरिक आधारभित्र पाठ्यक्रमअनुरूपता, भाषिक पक्षहरूको सन्तुलन, संयोजन र प्रश्नमा हुनुपर्ने गुण, प्रश्नका विविध पक्ष भाषा आदि पर्दछन् । पाठ्यक्रमले अपेक्षा गरे अनुसारका आन्तरिक आधारले सहयोग गर्दछ । प्रश्नका कमीकमजोरी पत्ता लगाइ तिनको निराकरण गर्दै प्रश्नलाई विश्वसनीय, वैधता, व्यवहारिकता, उपयोगी, गुणयुक्त, स्तरीय बनाउन आन्तरिक आधारले महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई प्रश्न निर्माणको केन्द्रीय आधारका रूपमा लिन सकिन्छ ।

## २.१३ निष्कर्ष

मूल+अङ्क+अन् मिलेर मूल्याङ्कन शब्दको व्युत्पति भएको हो । शिक्षा तथा मनोवैज्ञानिक क्षेत्रमा अवधारणकारूपमा मूल्याङ्कनलाई चिनिन्छ । मानव जीवन हरेक पक्ष मात्र होइन कुनै वस्तुको मूल्य निर्धारण तथा कार्यको लेखाजोखा गर्नको लागि समेत यसको महत्त्व रहेको पाइन्छ । शैक्षिक जगत्को पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक विद्यार्थी तथा समग्र कार्यक्रमकै लेखाजोखा गरी आवश्यक सुधारात्मक उपायको बाटो देखाइदिन्छ ।

भाषिक अपेक्षाहरूसँगै भाषिक मूल्याङ्कनको सम्बन्ध रहेको हुन्छ । भाषिक सीप तथा धारणाको प्राप्ति र विगतलाई मुख्य अपेक्षा बनाएको भाषिक मूल्याङ्कनले सीपको विकासमा जोड दिएको पाइन्छ । शैक्षिक जगत्को पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक, विद्यार्थी तथा समग्र कार्यक्रमकै मूल्याङ्कन केन्द्रबिन्दु हो । लिखित, मौखिक र प्रयोगात्मक परीक्षालाई मूल्याङ्कनको साधन बनाएता पनि प्रयोगात्मक र मौखिक भन्दा पनि लिखित

परीक्षा सबैभन्दा प्रचलित परीक्षा हो । ती प्रश्नबाट लिइएको मूल्याङ्कनको प्रभावकारिता प्रश्नको अध्ययन विश्लेषणबाट प्राप्त हुन्छ । प्रश्न विश्लेषणका सैद्धान्तिक र तथ्याङ्कशास्त्रीय गरी दुई आधार हुन्छ । सैद्धान्तिक आधारमा बाह्य र आन्तरिक गरी दुई उपआधारहरू हुन्छन् । यिनै दुईवटा आधारहरूलाई नै मुख्य आधार बनाई प्रश्नको उपयुक्तता र अनुपयुक्तता छुट्याउने काम हुन्छ ।

# अध्याय तीन

## बाह्य आधारमा प्रश्नहरूको तुलानात्मक अध्ययन विश्लेषण

बाह्य आधारमा प्रश्नहरूको तुलनात्मक अध्ययन विश्लेषण प्रश्न विश्लेषणका प्रमुख दुई आधार मध्ये बाह्यआधार पनि एक हो । बाह्य आधार अन्तर्गत प्रश्नको बाह्य प्रकृति आकर्षण स्पष्टता, स्तरीयताजस्ता स्वरूपगत कुराहरू विश्लेषण गरिन्छ । आकृतिगत वैधताका दृष्टिले सबल र दूर्बल पक्षको अध्ययन गरिन्छ । यस अध्ययनमा प्रतिनिधि प्रश्नहरूको आकृतिगत वैधताबारे अध्ययन विश्लेषण गरिएको छ । प्रश्न विश्लेषणका बाह्य आधार अन्तर्गत निम्न मुख्य उप आधारमा आधारित भएर प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ ।

(१) निर्देशन

(२) अङ्क विभाजन र समय निर्धारण

(३) प्रस्तुति अनुक्रम

(४) प्रश्नपत्रको स्वरूप र

(५) भाषा

### ३.१ निर्देशन

विद्यार्थीले जुनसुकै प्रश्नको उत्तर के कति कसरी दिने भन्ने जस्ता आशयको जानकारीलाई निर्देशन भन्न सकिन्छ । परीक्षार्थीले प्रश्नको उत्तर दिने मूल आधार निर्देशन भएकाले यो स्पष्ट, दाहोरो अर्थ नलाग्ने, सरल भाषाको हुनुपर्दछ । आदि, मध्य र अन्त्यमा प्रश्नको निर्देशन दिन सकिन्छ । यदि प्रश्नको निर्देशन अस्पष्ट, दोहोरो अर्थ लाग्ने र अशुद्ध भए विद्यार्थीहरू अन्योलमा पर्न गई परीक्षणीय कुरा नै अन्यौलमा पर्न सक्छ । परीक्षणीय उद्देश्यलाई सार्थक बनाउन निर्देशनको महत्त्वपूर्ण भूमिका रहने भएकाले आवश्यकता अनुसार प्रत्येक प्रश्नमा निर्देशन दिनुपर्दछ । निर्देशनअर्न्तगत शीर्ष-निर्देशन, प्रश्न निर्देशन, निर्देशक चिन्ह, प्रष्ट निर्देशन, विकल्प निर्देशन जस्ता कुराहरू पर्दछन् । यिनै कुराहरूमा आधारित भएर प्रतिनिधि प्रश्नपत्रको अध्ययन विश्लेषण तथा तुलना गरिएको छ ।

## (क) शीर्ष निर्देशन

प्रश्नपत्रको अग्र तथा शीर्ष स्थानमा रहने सम्पूर्ण प्रश्नहरूको साझा एवम् मूल निर्देशन नै शीर्ष निर्देशन हो । यसमा प्रश्नहरूको उत्तर लेख्दा के कुरा ध्यान दिने ? कसरी उत्तर दिने आदि विषयमा निर्देशन दिइएको हुन्छ । शीर्ष निर्देशनमा उल्लेखित समयको सीमा, प्रश्न आकृति, अङ्क निर्देशन, विकल्प निर्देशन समेत दिने भएकाले यो सरल, स्पष्ट र सटिक हुनुपर्दछ ।

प्रतिनिधि प्रश्नहरूमा शीर्ष निर्देशनलाई हेर्दा सबै प्रश्नहरूको शीर्ष भागमा अनिवार्य नेपाली लेखिएको छ । प्रतिनिधि प्रश्नहरूमा अनिवार्य नेपाली भनेर विषय खुलाइए पनि कुन कक्षा वा तहका हुन् सो खुल्ने गरी शीर्ष निर्देशन दिइएको पाँइदैन । यसलाई राम्रो पक्ष मान्न सकिदैन । त्यसैगरी प्रतिनिधि प्रश्नहरूमा अनिवार्य नेपाली विषय भएकाले २०६७ का प्रश्नपत्रहरूमा २०६७ र २०६८ को अङ्ग्रेजी २068 लेखिनु, भाषिक दृष्टिले त्रुटिपूर्ण देखिन्छ । अन्य कुरा हेर्दा प्रतिनिधि प्रश्नपत्रमा परीक्षाले दिएको निर्देशनका आधारमा आफ्नै मौलिक शैलीमा (सिर्जनात्मक उत्तर) आफ्नै शब्दमा उत्तर दिनु पर्दछ भनी शीर्ष निर्देशनमा एकरूपता देखिन्छ ।

## (ख) प्रश्न निर्देशन

प्रश्नको आशय, उद्देश्य तथा प्रक्रिया सीमाहरू निर्धारण गर्ने काम प्रश्न निर्देशनले गर्ने हुँदा यो प्रत्येक प्रश्नमा हुनु जरूरी छ । प्रश्नहरू विषयगत वा वस्तुगत के हो भनी छुट्याउने आधार तथा प्रश्नपत्रलाई वैध, विश्वसनीय, स्पष्ट, उद्देश्यपूर्ण र प्रभावकारी बनाउने आधार समेत प्रश्न निर्देशन हो । एउटा प्रश्नभित्र अन्य प्रश्नहरू रहेको अवस्थामा प्रश्न निर्देशनको अझ आवश्यकता पर्दछ । प्रश्न अस्पष्ट, अन्योलपूर्ण, अपूर्ण, अवैध, हुन नदिन प्रश्न निर्देशन अनिवार्य हुन्छ । यस्ता निर्देशनले प्रश्नको कति उत्तर दिने, कस्तो उत्तर दिने जस्ता कुरामा स्पष्टता प्रकट गर्ने हुँदा प्रश्नपत्रलाई उद्देश्यपूर्ण बनाई स्तरीय परीक्षणका लागि प्रश्न निर्देशन अनिवार्य हुन्छ । प्रश्न निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा २०६७ को कक्षा ११ को प्रश्न नं. १० मा कुन के कति, भन्ने स्पष्ट निर्देशन दिइएको छैन । त्यस्तै २०६८ को कक्षा ११ को प्रश्न नं १६ मा कुन, के, कति भन्ने स्पष्ट निर्देशन दिइएको छैन । त्यस्तै कक्षा १२ को २०६७ मा प्रश्न नं १० मा के कति भन्ने स्पष्ट निर्देशन

दिइएको छैन । त्यस्तै २०६८ को प्रश्न नं १० को प्रश्नमा के, कति, कस्तो भन्ने स्पष्ट निर्देशन दिइएको छैन । जस्तै:

**कक्षा ११**

२०६७ 'बसाइँ' उपन्यासमा बसाइँसराइ सम्बन्धी के कस्ता समस्याहरू प्रस्तुत गरिएका छन् ? विश्लेषण गर्नुहोस् । (प्र.नं.१०)

२०६८ बौलाहाकाजी साँच्चिकै बौलाहा हो वा होइन, 'बौलाहा काजीको सपना' नाटकका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (प्र.नं. १६)

**कक्षा १२**

२०६७ 'बसाइँ' उपन्यासमा बसाइँसराइ सम्बन्धी के कस्ता समस्याहरू प्रस्तुत गरिएका छन् ? चर्चा गर्नहोस् । (प्र.नं १०)

अन्य प्रश्नहरूको भने स्पष्ट निर्देशन दिइएको पाइन्छ ।

**कक्षा ११**

२०६७ प्रश्न नं ८ 'मेरो रमाइलो यात्रा' शीर्षकमा १०० शब्द सम्मको अनुच्छेद लेख्नुहोस् ।

२०६८ प्रश्न नं १२ आफ्नो विद्यालयमा सम्पन्न वार्षिक उत्सव कार्यक्रमका सबै समेटि १५० शब्द सम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

**कक्षा १२**

२०६७ प्रश्न नं ८ 'मेरो रमाइलो क्षण' शीर्षकमा १०० शब्द सम्मको एक गहकिलो अनुच्छेद लेख्नुहोस् ।

२०६८ प्रश्न नं ९ 'वातावरणीय प्रदूषण' शीर्षकमा १५० शब्द सम्मको टिप्पणी लेख्नुहोस् ।

**(ग) विकल्प निर्देशन**

विकल्प भन्नाले यो वा त्यो भन्ने बुझिन्छ, सामान्यतया: कुनै पनि विषयका प्रश्नहरूमा विकल्प दिनु सैद्धान्तिक हिसावले राम्रो नमानिए पनि व्यवहारिक रूपमा

विद्यार्थीहरूलाई सजिलो होस् भन्नाका लागि विकल्प दिने गरिन्छ । विकल्प निर्देशन दिंदा समय, अङ्कभार, उद्देश्य तथा आसय र समान कठीनाइस्तर भएको विकल्प दिनुपर्दछ । विकल्प निर्देशन दिंदा विद्यार्थीले आफूलाई राम्ररी आउने प्रश्नको उत्तर रोजेर दिन पाउने हुनाले प्रश्नको उत्तर दिन सजिलो पर्छ । तलका कुनै यतिवटा प्रश्नको उत्तर दिनुहोस् भनेर विकल्प निर्देशन दिन सकिन्छ  अथवा समरूप प्रकृतिका प्रश्नमा 'वा' तथा 'अथवा' जस्ता शब्दको प्रयोग गरेर पनि विकल्प दिन सकिन्छ । विकल्प, अङ्क र अक्षर जुनसुकैमा पनि दिन सकिन्छ ।

विकल्प निर्देशनका आधारमा पनि प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा निम्न बमोजिमको अवस्था रहेको पाइन्छ । जस्तैः २०६७ कक्षा ११ प्रश्न नं ३ मा तीन वटा प्रश्नहरू दिई दुई वटाको प्रश्नको उत्तर दिनुपर्ने, प्रश्न नं ४ मा तीन वटा प्रश्नहरू दिई दुई वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ५ मा ६ वटा विकल्प मध्ये चार वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ९ मा ५ वटा विकल्पहरू मध्ये १ को उत्तर दिनुपर्ने प्रश्न नं १० मा दुई वटा विकल्प मध्ये एक वटाको उत्तर दिनुपर्ने र प्रश्न नं ११ मा तीन वटा विकल्प मध्ये दुई वटाको उत्तर दिनुपर्ने जस्ता विकल्पहरूको निर्देशन गरेको पाइन्छ । २०६८ कक्षा ११ मा प्रश्न नं १ मा दुई वटा विकल्पमध्ये एकवटाको उत्तर दिनुपर्ने, प्रश्न नं ५ मा तीन वटा विकल्प मध्ये दुई वटाको उत्तर दिनुपर्ने, प्रंश्न नं ६ मा दुई वटा विकल्प मध्ये एक वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ७ मा दुई वटा विकल्प मध्ये एक वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ८ मा ३ वटा विकल्प मध्ये एउटाको उत्तर दिनुपर्ने, प्रश्न नं ११ मा दुई वटा विकल्प मध्ये एक वटाको उत्तर दिनुपर्ने, प्रश्न नं १२ मा पनि दुई वटा विकल्प मध्ये एक वटाको उत्तर दिनुपर्ने, प्रश्न नं १३ मा तीन वटा विकल्प मध्ये एक वटाको उत्तर दिनुपर्ने, प्रश्न नं १५ मा तीन वटा विकल्पहरू मध्ये एउटाको उत्तर दिनुपर्ने जस्ता विकल्प निर्देशनको उत्कृष्ट संयोजन गरिएको पाइन्छ ।

(२०६७) कक्षा १२ प्रश्न नं ३ मा दुई वटा विकल्पमध्ये एक वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ४ मा तीनवटा  विकल्पमध्ये एउटाको उत्तर दिनुपर्ने, प्रश्न नं ५ मा पाँच वटा विकल्प मध्ये एक वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ९ मा पाँच वटा विकल्प मध्ये एकको उत्तर दिनुपर्ने, प्रश्न नं १० मा दुई वटा विकल्प मध्ये एउटाको उत्तर दिनुपर्ने, प्रश्न नं ११ मा तीन वटा विकल्प मध्ये दुई वटाको उत्तर दिनुपर्ने जस्ता निर्देशनहरू दिइएका छन् । २०६८ को कक्षा १२ मा प्रश्न नं ३ मा तीन वटा मध्ये दुई वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ४ मा तीन वटा विकल्प मध्ये दुई वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ५ मा पाँच वटा विकल्प

मध्ये चार वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ९ मा तीन वटा विकल्प मध्ये एक वटाको उत्तर दिनुपर्ने, प्रश्न नं ११ मा तीन वटा विकल्प मध्ये दुई वटाको उत्तर दिनुपर्ने जस्ता निर्देशनहरू दिइएको पाइन्छ । जस्तैः

**कक्षा ११**

२०६७ प्र.नं.९: कुनै एक विषयमा ३०० शब्द सम्मको निबन्ध लेख्नुहोस् ।

(क) मेरो जीवनको लक्ष्य

(ख) विद्यार्थी जीवनमा अनुशासनको  महत्त्व

(ग) युवावर्ग र भोलिको नेपाल

**कक्षा १२** (२०६८)

प्रश्न नं ९: कुनै एक विषयमा ३०० शब्द सम्मको निबन्ध लेख्नुहोस् ।

(क) राष्ट्रप्रति मेरो दायित्व

(ख) जीवनको लक्ष्य

(ग) नेपाली किसान

**घ. पृष्ठ निर्देशन**

प्रश्नपत्रको पृष्ठ सम्बन्धि जानकारी नै पृष्ठ निर्देशन हो । पृष्ठ निर्देशनले प्रश्नहरू अर्को पृष्ठमा पनि छ भन्ने कुराको जानकारी दिनुका साथै प्रश्न समाप्त भएको जानकारी पनि प्रदान गर्ने भएकाले प्रश्नपत्रमा पृष्ठ निर्देशन दिनु अनिवार्य मानिन्छ  । पृष्ठ निर्देशनमा विद्यार्थीहरूलाई सम्पूर्ण प्रश्नहरूको जानकारी दिने हुँदा प्रश्न छुट्ने सम्भावना कम हुन्छ । एउटै पृष्ठमा प्रश्नपत्र समेटिने अवस्थामा पृष्ठ निर्देशन दिइरहनु पर्दैन तर प्रश्नको प्रकृति, परीक्षणीय उद्देश्य, कागजको आकार प्रकार, अक्षरको आकार आदिले गर्दा प्रश्नपत्र लामो हुन सक्छ । त्यसबेला  पृष्ठ निर्देशनको महत्त्व खड्किन्छ र निर्देशन दिनु आवश्यक छ । पृष्ठ निर्देशन दिदा प्रायः पृष्ठको पुछारमा क्रमशः कृ.प.उ वा १,२,३  र प्रश्न सकिएपछि समाप्त धन्यवाद वा सकिएको सङ्केत गर्ने कुनै एक चिन्ह राख्ने गरिएको पाइन्छ ।

प्रतिनिधि प्रश्नहरूको पृष्ठ निर्देशन सम्बन्धी अध्ययन गर्दा सबै प्रश्नको प्रथम पृष्ठमा शीर्ष निर्देशन र त्यसपछि पृष्ठ २, ३, ४ गरी अङ्क मार्फत र पृष्ठ एकको पुछारमा र पृष्ठ ३ को क्रमशः प्रयोग गरी पृष्ठ निर्देशन गरिएको छ । त्यसैगरी प्रतिनिधि प्रश्नपत्रमा समाप्तिको जानकारी (-ο-) को प्रयोग गरिएको छ ।

## ३.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारणको हरेक प्रश्नपत्रमा ठूलो भूमिका खेलेको हुन्छ । प्रश्नको अङ्कअनुसार समय निर्धारण गरिने हुनाले यी दुवैका बीच सन्तुलन हुनु जरूरी छ । हरेक प्रश्नको प्रकृति अनुरूप समय निर्धारण गरिएको हुन्छ । प्रश्नको आन्तरिक र बाह्य वैधताका लागि यो पक्ष आवश्यक हुन्छ । प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा अङ्क र समयको निम्न उपआधारहरू मार्फत विश्लेषण गरिएको छ :

### ३.२.१ पूर्णाङ्क र त्यसको वितरण

प्रश्न पत्रमा रहेका प्रश्नहरूको एकमुष्ट अङ्कलाई नै पूर्णाङ्क भन्ने चलन छ । प्रश्न पत्रको शीर्ष भागमा राखिने यसलाई प्रश्नको प्रकृतिअनुसार विभाजन गर्दै राख्नु उपयुक्त हुन्छ । जसलाई तल तालिकामा हेर्न सकिन्छ ।

**तालिका नं. १**

| क्र.सं. | प्रश्न पत्र/प्रश्न नं. | प्रश्न र पूर्णाङ्क विभाजन | | | | | | | | | | | | | | | | जम्मा | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्ञ | २०६७ (कक्षा ११) | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | | | | | ११ | १०० |
| द्द | २०६८ (कक्षा ११) | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १६ | १०० |
| घ | २०६८ (कक्षा १२) | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | | | | | ११ | १०० |
| द्ध | २० ६८ (कक्षा १२) | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | | | | | ११ | १०० |

माथिको तालिकाको आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा प्रश्पत्रको दायाँपट्टि शीर्ष भागमा पूर्णाङ्क उल्लेख गरेको पाइन्छ । कक्षा ११ मा २०६७ मा ११ वटा र २०६८ मा १६ वटा प्रश्नहरू सोधिएको छ । त्यस्तै कक्षा १२ मा २०६७ र २०६८ मा

११/११ वटा प्रश्नहरू सोधिएको छ । प्रतिनिधि प्रश्नपत्रमा प्रश्नपत्रको अङ्कभारका लागि छुट्याइएको अङ्कलाई प्रश्न सङ्ख्याले गुणान गरी जम्मा अङ्क राखिएको देखिन्छ ।

### ३.२.२ उत्तीर्णाङ्क

कुनै तह वा कक्षा उत्तीर्ण हुनका लागि तोकिएको न्यूनतम अङ्कलाई नै उत्तीर्णाङ्क भन्ने गरिन्छ । यसै उत्तीर्णाङ्कका आधारमा विद्यार्थीलाई पास-फेल भनी छुट्याइन्छ । उत्तीर्णाङ्क निर्धारुण गर्ने आधार पशनपत्रको पूर्णाङ्क, कक्षा वा तह विषय आदि हुन सक्दछन् । उत्तीर्णाङ्क जहिले पनि पूर्णाङ्क ठीक मुनि राख्ने गरिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा पूर्णाङ्क १०० का लागि उत्तीर्णाङ्क ३५ राखिएको छ । सबै (कक्षा ११ र १२) को २०६७ र २०६८ मा यसको वितरणमा केही भिन्नताहरू पनि पाइन्छ ।

### ३.२.३ पढाइ सीप र अङ्क विभाजन

भाषा शिक्षणका मुख्य उद्देश्य नै भाषिक सीपमा दक्षबनाउनु हो । भाषाका चार वटा सीपमध्ये पढाइ पनि एक हो । जुन ग्रहणात्मक सीपमा पर्दछ । सुनाइ र बोलाइ सीपको विकास गर्ने काम प्रारम्भिक कक्षामा गरिन्छ तर माथिल्ला कक्षामा भने पढाइ र लेखाइ सीपमा जोड दिइन्छ । पढाइ सीपको परीक्षण गर्ने माध्यमिक नेपाली भाषा पाठ्यक्रमले पाठगत प्रश्न र बोधप्रश्न जस्ता प्रश्नहरू निर्माण गरी परीक्षण गर्ने व्यवस्था गरेको छ । यस आधारमा प्रतिनिधि प्रश्नलाई निम्नानुसार हेर्न सकिन्छ ।

**तालिका नं. २**

**पढाइ सीप र अङ्क विभाजन**

| क.सं. | प्रश्न पत्र | पूर्णाङ्क | पठनबोध प्रश्न | | सप्रसङ्ग व्याख्या | | सङ्क्षिप्त उत्तरात्मक | | विवेचनात्मक | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | |
| ञ | २०६७ (कक्षा ११) | १०० | ५ | १० | - | - | ३-२ | १० | २-१ | १० | ३० |
| द्द | २०६८ (कक्षा ११) | १०० | ५ | १० | - | - | ४-३ | १५ | १ | ५ | ३० |
| घ | २०६८ (कक्षा १२) | १०० | ५ | १० | - | - | ३-२ | १० | २-१ | १० | ३० |
| द्ध | २० ६८ (कक्षा १२) | १०० | ५ | १० | - | - | ३-२ | १० | २-१ | १० | ३० |

माथिको तालिकाको आधारमा प्रतिनिधि प्रश्नको विश्लेषण गर्दा पढाइ सीप परीक्षण गर्ने पाठगत तथा बोध प्रश्नहरूको निर्माण गरिएको छ । पाठगत पढाइ सीप परीक्षणका लागि पठनबोध २ नं. गोटाका ५ वटा प्रश्न र यसका लागि १० अङ्क विभाजन गरिएको छ । सङ्क्षिप्त उत्तरका लागि कक्षा ११ (२०६७) मा ३-२), १० नम्बर छुट्याइएको छ भने २०६८ कोमा ३ वटाको १५ अङ्क छुट्याइएको छ । विवेचनात्मक उत्तरका लागि सबै प्रश्न पत्रहरूमा एउटा उत्तरका लागि १० अङ्क छुट्याइएको छ । तर २०६८ को कक्षा ११ मा ५ अङ्क छुट्याइएको छ । यसरी पठनबोध परीक्षणका लागि ३० अङ्क विभाजन गरिएको पाइन्छ ।

### ३.२.४ लेखाइ सीप र अङ्क विभाजन

लेखाइ सीप भाषाको अभिव्यक्ति सीपसँग सम्बन्धित सीप हो । यसको परीक्षण विना भाषिक परीक्षणपूर्ण हुन नसक्ने हुँदा यसको निकै महत्व रहेको छ । लेखाइ सीपको परीक्षणका लागि स्वतन्त्र रचनाअर्न्तगत निबन्ध, चिठ्ठी, बादविबाद  दैनिकी कर्यालेखन, जीवनी लेखन आदि पर्दछन् । प्रतिनिधि प्रश्नलाई लेखाइ सीपको परीक्षणका दृष्टिले निम्नानुसार हेर्न सकिन्छ ।

**तालिका नं. ३**

| क.सं. | पूर्णाङ्क | निबन्ध | | चिठ्ठी | | निर्वदन सूचना | | सारांश | | टिप्पणी | | प्रतिर्वदन | | अनुच्छेद लेखन | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र.सं | अ.वि. | प्र.सं | अ.वि. | प्र.सं | अ.वि. | प्र.सं | अ.वि. | प्र.सं | अ.वि. | प्र.सं | अ.वि. | प्र.सं | अ.वि. | |
| ज्ञ | २०६७ (कक्षा ११) | ३-१ | १० | - | - | - | - | १ | ५ | १ | ५ ↔ | १ | ५ ↔ | १ | ५ | २० |
| द्द | २०६८ (कक्षा ११) | ३-१ | १० | १ | ५ | १ | ५ | - | - | - | - | १ | ५ | १ | ५ | २० |
| घ | २०६८ (कक्षा १२) | ३-१ | १० | - | - | - | - | १ | ५ | १ | ५ | १ | ५ | १ | ५ | २० |
| ढ्ढ | २०६८ (कक्षा १२) | ३-१ | १० | १ | ५ | - | - | १ | ५ | १ | ५ | १ | ५ | - | - | २० |

नोटः ↔ यस चिन्हले दुईमध्ये एक प्रश्नको उत्तर दिने भन्ने जनाउँदछ ।

माथि तालिकाको आधारमा प्रतिनिधि प्रश्नको लेखाइ सीपको परीक्षणको विश्लेषण गर्दा सबै प्रश्नपत्रमा १० अङ्कको निवेदन लेखन कतै ५ अङ्कको चिठ्ठी लेखन कुनैमा टिप्पणी र प्रतिवेदनमा एउटा लेख्नुपर्ने कुनैमा अनुच्छेद लेखन आदि राखिएका छन् । लेखाइ सीपको लागि अङ्क निर्धारण गरिएको छ ।

### ३.२.५ शब्दभण्डार र अङ्क विभाजन

शब्दभण्डार अर्न्तगत पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिश्रम भिन्नार्थी, प्राविधिक, पारिभाषिक, अनुकरणात्मक शब्दका साथै अर्थ लेख्ने र शब्दलाई वाक्यमा प्रयोग गर्ने आदि पर्दछन् । यसले भाषिक क्षमता बढाउन सहयोग गर्ने हुँदा यसको परीक्षण गर्नु आवश्यक ठानिन्छ ।

### ३.२.६ व्याकरण र अङ्क विभाजन

भाषिक परिक्षणका सन्दर्भमा प्रयोग कुशलताको परीक्षण गर्नु अति आवश्यक मानिन्छ । यसअर्न्तगत व्याकरण, वर्णविन्यास चिन्ह परिचय शब्दवर्ग र शब्द रूपायन शब्दनिर्माण (सन्धीसहित), वाक्यतत्त्व, वाक्यका प्रकार र वाक्यान्तरण जस्ता कुराहरू पर्दछन् ।

प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा व्याकरणको स्थिति निम्न अनुसार पाइएको छ ।

**तालिका नं. ४**

**व्याकरण र अङ्क विभाजन**

| क.स. | प्रश्न पत्र | पूर्णाङ्क | जम्मा अङ्क | व्याकरण | | वर्णविन्यास | | शब्दवर्ग रूपायण | | शब्दनिर्माण | | वाक्यतत्त्व | | वाक्यका प्रकार वा वाक्यान्तरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्र.अ. | अ.वि. | प्र.अ. | अ.वि. | प्र.अ. | अ.वि. | प्र.अ. | अ.वि. | प्र.अ. | अ.वि. | प्र.अ. | अ.वि. |
| ज्ञ | २०६७ (कक्षा ११) | १०० | ५० | १ | ५ | १ | ५ | ३-२ | १० | ३-२ | १० | ३-२ | १० | ३-२ | १० |
| द्द | २०६८ (कक्षा ११) | १०० | ५० | १ | ५ | १ | ५ | ३-२ | १० | ३-२ | १० | ३-२ | १० | ३-२ | १० |
| घ | २०६८ (कक्षा १२) | १०० | ५० | १ | ५ | १ | ५ | ३-२ | १० | ३-२ | १० | ३-२ | १० | ३-२ | १० |
| ढ्ढ | २०६८ (कक्षा १२) | १०० | ५० | १ | ५ | १ | ५ | ३-२ | १० | ३-२ | १० | ३-२ | १० | ३-२ | १० |

माथिको तालिका अनुसार प्रतिनिधि प्रश्नपत्रहरूको विश्लेषण गर्दा व्याकरण सीपको परीक्षणका लागि ५० अङ्कको प्रश्न निर्माण गरिएको छ । व्याकरण खण्ड अर्न्तगत ५ अङ्कको वर्णविन्यास अर्न्तगत ५ अङ्क शब्दवर्ग, शब्द रूपायन अर्न्तगत १० अङ्क, शब्दनिर्माण अन्तर्गत १० अङ्क वाक्यातत्त्व अर्न्तगत १० अङ्क, वाक्यका प्रकार वाक्यान्तरण अर्न्तगत १० अङ्क गरी जम्मा ५० अङ्क विभाजन गरिएको पाइन्छ । कक्षा ११ र १२ अनि ०६७ को पूरानो पाठ्यक्रम र (२०६८) को नयाँ पाठ्यक्रमको व्याकरण खण्डमा अङ्क विभाजनमा समान्तर पाइन्छ ।

### ३.२.७ समय निर्धारण

प्रश्नपत्रमा दिइएका प्रश्नहरूको उत्तर दिनका लागि निश्चित समय तोकिनु नै समयको निर्धारण गर्नु हो । प्रश्नको प्रकृति कठिनाइस्तर, विद्यार्थीले लेख्न सक्ने औसत क्षमता र उत्तरमा समावेश गर्नुपर्ने विविध कुरालाई ध्यानमा राखी समय निर्धारण गरिनु पर्दछ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा पूर्णाङ्क अनुसार समय निर्धारण गरिएको पाइन्छ १०० पूर्णाङ्कका लागि ३ घण्टा समय तोकिएको छ । विशिष्टीकरण तालिकाले प्रतिप्रश्न समय तोके पनि प्रश्नपत्रमा भने एकमुष्ट समय निर्धारण गरेको पाइन्छ । प्रश्नको अङ्कको आधारमा विद्यार्थी आफैले समय निर्धारण गरेर उत्तर दिनुपर्ने बाध्यता बुझ्न सकिन्छ ।

## ३.३ प्रस्तुति अनुक्रम

प्रश्नहरूको प्रकृतिका आधारमा राख्नु नै प्रस्तुतिक्रम हो । यसरी अनुक्रम मिलाउदा सरलता र जटिलताको आधारमा अपनाइन्छ । प्रतिनिधि प्रश्नलाई अनुक्रमका आधारमा विश्लेषण गर्दा निम्न अनुरूपको क्रम देखिन्छ ।

- शब्दभण्डार
- हिज्जे (वर्ण विन्यास)
- व्याकरण
- बोध
- चिठ्ठी/निवेदन
- सारांश लेखन
- निबन्ध
- सङ्क्षिप्त उत्तर
- तार्किक प्रश्न (उत्तर)
- विवेचनात्मक उत्तर

सामान्यतः उपयुक्त अनुक्रम समुचित नै देखिन्छ ।

## ३.४ प्रश्नको स्वरूप

प्रश्नपत्रको आकृति र आकार प्रकारलाई नै सामान्यतः प्रश्नपत्रको स्वरूप भनी बुझ्न सकिन्छ । यसभित्र प्रश्नपत्रको शीर्ष भाग, आकार, प्रश्न सङ्ख्या, पृष्ठ, कागज, छपाइ सफाइ जस्ता पक्षहरू समेटिन्छन् यहाँ उपर्युक्त आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गरिएको छ ।

### ३.४.१ शीर्षभाग

प्रश्न सुरू हुनुभन्दा अघिको भाग नै शीर्ष भाग हो । यस भागमा प्रश्नसँग सम्बन्धित सूचनाका साथै सम्बन्धित तह, विषय, कक्षा आदि उल्लेख गरिएको हुन्छ । यस आधारमा प्रश्नपत्रको अध्ययन गर्दा निम्न अवस्था पाइन्छ ।

Sub. Code: 003

HSEB-Grade XI

2067 (2010)

अनिवार्य नेपाली

विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनु पर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले जनाउदछ ।

समय-३ घण्टा पूर्णाङ्क-१००

उत्तीर्णाङ्क-३५

माथि उल्लेखित प्रश्नपत्रको शीर्ष भागलाई हेर्दा HSEB-Grade XI 2067 (2010) लेखिएको छ ।

नेपाली विषयको प्रश्नपत्र भएकाले नेपालीमानै स्पष्ट लेखिएको हुनुपर्दछ ।

### ३.४.२ आकार

प्रश्नपत्रको लामो, छोटो, मध्यम आकार पहिचान गर्नु नै प्रश्नपत्र आकार हो भनी बुझ्न सकिन्छ । प्रश्नपत्रका आकारका सवालमा स्पष्ट सैद्धान्तिक मान्यता नभए तापनि

मध्यम खालको भएमा सर्वोत्तम ठानिन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा २०६७ का प्रश्नहरू ३ पृष्ठका र २०६८ का प्रश्नहरू ६ पृष्ठका देखिन्छन्  २०६७ का मितव्ययी ढङ्गका साना अक्षरहरू खाँदेर लेखेको पाइन्छ । व्याकरण र अन्य प्रश्नका लागि ठिकै हो । अनुच्छेद पठनका लागि यस्तो सानो प्वाइन्टको अक्षरहरू आँखा तिरमिराउने सम्भावना देखिन्छ । २०६८ को प्रश्नपत्रहरू ६ पृष्ठका देखिन्छन् यो तहको लागि यी प्रश्नपत्रहरू खासै नराम्रो भन्न मिल्दैन ।

### ३.४.३ प्रश्नसङ्ख्या

विशिष्टीकरण तालिकाले निर्देशन गर अनुरूप नै प्रश्नहरू र प्रश्नसंख्या राखिनु शैक्षणिक प्रयोजनले नै उपयुक्त मानिन्छ । प्रतिनिधि प्रश्नहरू विशिष्टिकरण तालिकालाई नै आधरमानी बनाइएको पाइन्छ । २०६७ मा जम्मा कक्षा एघारमा ११ वटा रहेको र २०६८ मा जम्मा १६ वटा प्रश्न रहेकामा असमानता पाइन्छ । जसमा ११ र १६ वटा प्रश्नभित्र आवश्यकता अनुसार उपप्रश्नहरू पनि समेटिएका छन् । सङ्ख्यात्मक हिसाबमा दुबै प्रश्नहरू उपयुक्त देखिन्छन् । कक्षा ११ मा २०६७ र २०६८ जम्मा ११/१२ वटा प्रश्न रहेकोले समानता नै देखिन्छ ।

### ३.४.४ प्रश्न र पृष्ठ

प्रश्न निर्माणका क्रममा कस्तो प्रकृतिका र कति प्रश्नहरू निर्माण गर्ने भन्ने कुराको निर्णय प्रश्नपत्र निर्माण गर्नु पूर्व नै गरिन्छ । यसरी प्रश्नपत्र निर्माण गर्दा एउटा प्रश्न पृष्ठमा राखिनु उपयुक्त मानिन्छ । यसको तालमेल नमिलेमा विद्यार्थीहरू अलमलमा पदर्छन् । यस आधारमा प्रश्नपत्रलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

कक्षा ११ को २०६७ मा तीन पृष्ठमा प्रश्नहरू दिइएको

कक्षा ११ को २०६८- छ पृष्ठमा प्रश्नहरू दिइएको

कक्षा १२ को २०६७ र ६८- दुवैमा ३/३ पृष्ठमा प्रश्नहरू दिइएको

प्रश्नहरू खासै नबुझिने छैन । कक्षा ११ र १२ मा पर्ने विद्यार्थीहरू यतिको अक्षर र निर्देशनहरू बुझ्न सक्छन् तर अनुच्छेद एक पृष्ठमा र प्रश्नहरू अर्को पृष्ठमा दिइएको पाइन्छ यो चाहि राम्रो होइन । अनुच्छेद एउटामा र प्रश्नहरू अर्कोमा दिंदा विद्यार्थीहरूलाई अलि अन्योल हुन सक्छ ।

### ३.४.५ कागज

प्रश्नपत्र निर्माण गर्दा प्रयोग गरिने कागज दुबैतर्फ छपाई गर्न सकिने, चिल्लो, सफा र गुणस्तरीय हुनु राम्रो मानिन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको विश्लेषण गर्दा सेतो रङ्गको पातलो कागजको प्रयोग गरिएको देखिन्छ । प्रश्नपत्रमा नै लेख्नु नपर्ने भएकाले कागजको स्तर कमसल प्रकृतिको भए पनि यसलाई खासै अनुपयुक्त भन्न मिल्दैन ।

### ३.४.६ छपाइ र सफाइ

प्रश्नपत्रको छपाइ गर्दा प्रश्नपत्रलाई दुबैतिर उपयोग गर्न सकिने, नफुल्ने कागजमा शुद्धसँग छाप्नु पर्छ । छपाइमा भद्दा पर्ने, अशुद्धता, मसी लतपत तथा केरमेट भएमा विद्यार्थीलाई प्रश्न बुझ्न कठिन पर्छ र उत्तर लेख्न समेत कठिनाइ पर्दछ र प्रश्नको बैधता माथि नै शङ्का उत्पन्न हुन्छ ।

प्रतिनिधि प्रश्नपत्रको छपाइ सफाइसम्बन्धी अध्ययन गर्दा प्रश्नपत्रमा विकल्प निर्देशनलाई स्पष्ट पार्न बोल्ड गरिएको छ । अन्य प्रश्न पनि छपाइ सम्बन्धी कमजोरीले बुझ्नै नसकिने खालका छैनन् । छपाइ सफाइ सम्बन्धी प्रश्नपत्र उपयुक्त देखिन्छन् ।

## ३.५ भाषा

प्रश्नपत्रमा हुनुपर्ने महत्त्वपूर्ण पक्षमध्ये भाषा पनि एक हो । प्रश्नपत्रमा प्रयोग भएको भाषा शुद्ध, स्पष्ट, सरल, विद्यार्थीको स्तर अनुकुल हुनु आवश्यक छ । प्रश्नको भाषा त्रुटिपूर्ण भएमा अर्थमा समेत अलग अर्थ लाग्न सक्ने ८ प्रश्न अस्पष्ट हुन गइ अपेक्षित उत्तर नआउन पनि सक्ने भएकाले भाषा शुद्ध, स्पष्ट र सरल हुनु जरूरी छ । भाषा दोहोरो अर्थ लाग्ने खालको भएमा यसको स्वरूपगत वैधताका साथै आन्तरिक वैधतासमेत खलबलिन सक्छ । प्रश्पत्रको भाषामा वर्णविन्यास, पदयोग र वियोग चिन्ह प्रयोग लोप, वर्ण वा अक्षर लोप, विभक्तिको प्रयोग र लोप, शासन र सङगति आदि सम्बन्धि त्रुटिहरू रहन सक्छन् ।

### ३.५.१ वर्णविन्याससम्बन्धी त्रुटि

यस अन्तर्गत ह्रस्व दीर्घ, चन्द्रबिन्दु, शिरबिन्दु, हलन्त, अजन्त, व-ब, श-ष-स, य-ए, द्य-ध, रेफ, एकार, पञ्चम् वर्ण, विसर्गः आदिको प्रयोगसम्बन्धी त्रुटिहरू पर्दछन् । यस आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा निम्न अवस्था देखिन्छ ।

पञ्चम वर्णको प्रयोग

रेखाङ्कन-२०६८ (कक्षा ११)

रेखाङ्कित-२०६७ (कक्षा ११)

रेखाङ्कित- २०६८ (कक्षा १२)

रेखाङ्कित-२०६७ (कक्षा १२)

पूणाङ्क
उत्तीर्णाङ्क — कक्षा १२, २०६७ र २०६८

पूर्णाङ्क
उत्तीर्णाङ्क — कक्षा ११, २०६७ र २०६८

यी माथिका शब्दहरूको वर्णविन्यासीय प्रसङ्गमा चर्चा गर्दा रेखाङ्कीत हुनुपर्नेमा कक्षा ११ (२०६७ र २०६८) र कक्षा १२ मा रेखाङ्कित रहेको पाइन्छ । पूर्णाङ्क र उत्तीर्णाङ्क हुनुपर्नेमा कक्षा ११ मा २०६७ र २०६८ मा पूर्णाङ्क र उत्तीर्णाङ्क लेखिएको छ । अन्य शब्दहरूमा सन्धिमा केही गडबड देखिन्छ ।

### ३.५.२ पदयोग र पदवियोगसम्बन्धी त्रुटि

डिकोले शब्द जोडेर र छुट्याएर लेख्ने पद्धतिलाई पदयोग र वियोग भन्ने गरिन्छ । यस आधारमा प्रश्नको अध्ययन गर्दा पश्नहरूमा एकरूपता पाउन सकिदैन । जस्तैः

दिनुहोस्, दिनु होस्, लेख्नुहोस्, लेख्नु होस्, गर्नुहोस, गर्नु होस्, । यिनीहरू एउटै शब्द कुनै जोडेर कुनै टुक्रयाएर दिएको पाइन्छ ।

### ३.५.३ चिन्ह प्रयोगसम्बन्धी त्रुटि

चिन्ह प्रयोग गर्नुपर्ने ठाउँमा चिन्ह प्रयोग नगरिनु, गर्नु नपर्ने ठाउमा प्रयोग गर्नु, एउटा चिन्हका ठाउँमा अर्को चिन्हको प्रयोग गर्नुलाई चिन्ह प्रयोगसम्बन्धी त्रुटि मानिन्छ । यसभित्र पूर्णविराम, अर्धविराम, अल्पविराम, प्रश्नचिन्ह, उदाहरण आदि पर्दछन् ।

यस आधारमा प्रश्नहरूको विश्लेषण गर्ने निम्न अवस्था पाइन्छः गर्नुहोस्, गर्नुहोस । के गर्नु हुन्छ । आदि ।

### ३.५.४ वर्ण वा अक्षर लोपसम्बन्धी त्रुटि

प्रश्नपत्रमा कुनै वर्ण वा अक्षर हराउनु वा लोप हुनुलाई वर्ण वा अक्षर लोपसम्बन्धी त्रुटि भनिन्छ । यस्ता त्रुटिहरूले प्रश्नपत्रको भाषिक पक्षमा प्रभाव पार्ने भएकाले यस्ता त्रुटिहुन नदिन सम्बन्धित पक्षले सचेतता अपनाउनु पर्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा यस्तो त्रुटि देखिदैन ।

## ३.६ अन्त्यमा

प्रश्नपत्रको बाह्य आधारअन्तर्गत निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम प्रश्नको स्वरूप र भाषा पर्दछन् । वाह्य आधारको प्रभाव आन्तरिक आधारका साथसाथै बाह्य आधार पनि सवल हुनु जरूरी हुन्छ । नेपाली भाषा जस्तो विषयको प्रश्नपत्र निर्माण गर्दा यसको स्वरूप देखि लिएर वर्ण विन्यासगत त्रुटिमा समेत सचेतता अपनाउनु पर्दछ । वाह्य आधारका कुनै पक्षमा भएको सानो गल्तीले अपेक्षित उत्तरलाई असर पारी परीक्षणीय पक्ष ओभ्केलमा पर्न सक्ने हुनाले प्रश्नपत्र निर्माणकर्ता चनाखो हुनुपर्ने हुन्छ । त्यसैले प्रश्नपत्रमा दिइने निर्देशन स्पष्ट, शुद्ध, अङ्क विभाजन र समय निर्धारणबीच तालमेल भएको प्रश्नहरूको प्रस्तुति अनुक्रम मिलेको, प्रश्नपत्रको आकार मध्यम खालको र कागज राम्रो हुनु आवश्यक छ ।

# अध्याय चार

## आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन

प्रश्नपत्रहरूको स्तरीयता, वैधता, विश्वसनीयता र उद्देश्यपूर्णता आदिको निर्धारण प्रश्नपत्रको आन्तरिक पक्ष (आधार) ले नै गर्ने भएकाले यसलाई प्रश्नपत्रको महत्वपूर्ण आधार मान्ने गरिन्छ । बाह्य पक्षले आन्तरिक पक्षलाई प्रभाव पारे तापनि प्रश्नपत्र निर्माण गर्ने आन्तरिक पक्षलाई पनि उत्तिकै महत्त्व दिइनु पर्छ । आन्तरिक पक्षको आधारमा परीक्षणीय प्रश्नको प्रभाकारिता उपयुक्तता, स्तरयुक्तता उपयोगिता भाषिक सीप आदिको लेखाजोखा गर्न सकिन्छ । यस अध्ययनमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्न निम्न आधारलाई मुख्य मान्यता दिइएको छ ।

क. पाठ्यक्रम अनुरूपता

ख. भाषिक पक्षको संयोजन र सन्तुलन

ग. भाषा

घ. अन्य पक्षहरू

### ४.१ पाठ्यक्रम अनुरूपता

परीक्षणका निम्ति प्रयोगमा आउने प्रश्नहरूले पाठ्यक्रमको समग्र प्रतिनिधित्व गर्न सक्नुपर्छ । यदि उपयोगमा आएका प्रश्नपत्रहरू पाठ्यक्रमको भावना र मर्म बमोजिम नभए यस्ता प्रश्नपत्रबाट गरिने परीक्षा नै दोषपूर्ण हुन गई शिक्षणको सार्थकतामा नै प्रश्नचिन्ह लाग्ने गर्दछ । यस आधारमा प्रश्नपत्रको अङ्कभार र प्रश्न सन्तुलन आदि अनुसार प्रश्नपत्रको उपयुक्त्ताको विश्लेषण गर्न सकिन्छ ।

### ४.१.१ विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न

उच्च माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले नेपाली विषयमा कथा, कविता, निबन्ध, नाटक, एकाङ्की, उपन्यास, भाषत्व/व्याकरण र शब्दभण्डार जस्ता विधाहरू समावेश गरिएको छ । त्यस्तै नयाँ परिमार्जित पाठ्यक्रम २०६७ मा कथा, कविता, निबन्ध, नाटक, एकाङ्की, उपन्यास, भाषातत्त्व/व्याकरण र शब्दभण्डार जस्ता विधाहरू समावेश गरिएका छन् । सो पाठ्यक्रमले नेपाली विषयका लागि कूल पूर्णाङ्क १००, सामाजिक पाठ्यभार छ

र वार्षिक पाठ्यभार १६० तोकेको छ । उत्तीर्णाङ्क ३५ तोकेको छ । पाठ्यक्रमले उल्लेख गरेका विधाहरू (कथा, कविता र जीवनी) को प्रयोजन पढाइ सीप वृद्धि गर्नु र निबन्धको लेखाइ सीपको वृद्धि गर्नु रहेको छ ।

उपयुक्त आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा पढाइ सीप परीक्षण गर्न पाठगत प्रश्नहरू र बोध प्रश्नहरू समावेश गरिएको पाइन्छ । त्यसैगरी लेखाइ सीपको परीक्षणका लागि निबन्ध, चिट्ठी, निबन्ध रचनासम्बन्धी प्रश्नहरू समावेश गरिएको छ । प्रश्नपत्रमा समाविष्ट विवेचनात्मक प्रश्न, सङ्क्षिप्त उत्तरात्मक प्रश्न, व्याख्यात्मक प्रश्न सारांश लेखाइसम्बन्धी प्रश्नले पढाइ र लेखाइ दुबै सीपको परीक्षणमा सहयोग पुऱ्याएका छन् । भाषिक सबलता परीक्षणका लागि व्याकरणात्मक, शब्दभण्डारगत प्रश्न, वर्णविन्यासगत प्रश्न आदि समाविष्ट छ । विधा र विषयवस्तुको उद्देश्य र प्रश्नहरू पाठ्यक्रम अनुरूप नै देखिन्छन् । सुनाइ बोलाइ उच्चारण वाचन जस्ता सीपहरूको मूल्याङ्कन शिक्षकले कक्षा शिक्षणकै क्रममा आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कन गर्नुपर्ने छ भनि पाठ्यक्रमले नै प्रष्ट तोकेको हुँदा तिनलाई यहाँ राखिएको छैन । अन्तत् पाठ्यक्रम अनुरूप विधा र सो अनुरूप विशिष्टीकरण तालिका एवम् सो तालिकाअनुरूप प्रश्नहरू तयार गरिएको पाइन्छ ।

### ४.१.२ विषयवस्तुहरूको सीमा र प्रश्न

वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ र २०६७ ले नेपाली विषयका लागि कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिट्ठी, भाषातत्त्व र शब्दभण्डार जस्ता विधाहरूको निर्धारण गरेको छ । यी सबै विधालाई विभिन्न क्षेत्रमा वर्गीकरण गरी सीमासमेत तोकिदिएको छ । यस आधारमा प्रश्नपत्रको विश्लेषण गर्दा सबै प्रतिनिधि प्रश्नपत्रहरूले पाठ्यक्रमको सीमालाई उलङ्घन गरेका छैनन् ।

# तालिका नं. ५

## वार्षिक परीक्षा योजना

## विशिष्टीकरण तालिका

तहः आइ.एड. प्रथम वर्ष/उच्चमाध्यमिक तह कक्षा ११ र १२ — पूर्णाङ्कः १००

विषयः अनिवार्य नेपाली — उत्तीर्णाङ्कः ३२

समयः ३ घण्टा

परीक्षाको किसिमः लीखत (विषयगत)

| क.सं. | उद्देश्य | पाठ्यवस्तु | प्रश्नका किसिम | सोधिने संख्या | उत्तरदिने संख्या | अङ्कभार | समय भार | स्पष्टीकरण | कैं |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ) वर्ण पहिचान र वर्गीकरण गर्न ।<br>) अक्षर पहिचान गर्न र छुट्याउन । | नेपाली वर्ण र अक्षर संरचना | पहिचानात्मकः अ.सं.<br>पहिचानात्मकः अ.सं. | १ (५)<br>१ (५) | १ (५) | ५ | ७ मि. | नेपाली स्वर र व्यञ्जन वर्णहरूलाई वर्गीकृत आधारमा चिन्ने र छुट्याउने ५ वर्ण भएको एउटा प्रश्न सोध्ने ।<br>स्तरीय नेपाली उच्चारणका आधारमा अक्षर सङ्ख्या चिन्ने र संरचना गरेर देखाउने ५ वटा शब्द दिने । | |
| २ | लिपि, वर्णविन्यास, चिन्ह प्रयोग र पदक्रम मिलाउने । | लिपि, लेख्य चिन्ह, वर्णविन्यास र पदक्रम | शुद्धीकरणात्मकः सं. | १ (४०) | १ (४०) | ५ | ७ मि. | वर्णविन्यास, लेख्य चिन्ह, लिपि र पदत्रक्रमसम्बन्धी ४० वटा अशुद्धि भएको सानो अनुच्छेद दिई शुछ गरी सार्न लगाउने । | |
| ३ | ) स्रोत, बनोट र कार्यका आधारमा शब्दको वर्गीकरण गर्न ।<br>) शब्दवर्ग पहिचान गर्न<br>) शब्द रूपायन तथा व्युत्पादनसम्बन्धी सैद्धान्तिक र प्रयोगात्मक दक्षता देखाउन । | नेपाली शब्दभण्डार, शब्दवर्ग, शब्द व्युत्पादन र रूपायन प्रक्रिया | पहिचानात्मकः अ.सं.<br>सैद्धान्तिक/संज्ञानात्मक/संज्ञानात्मकः सं.<br>प्रायोगिक/उत्पादनात्मकः सं. | १ (१०)<br>१<br>१ | २ | ५+५=१० | १४ मि. | सङ्क्षिप्त अनुच्छेद दिई १० वटा शब्द र शब्दांशमा रेखाङ्कित गरेर शब्दवर्ग पहिचान गर्न लगाउने ।<br>शब्दभण्डार र शब्द व्यूत्पादनसम्बन्धी कुनै १ सैद्धान्तिक प्रश्न सोध्ने ।<br>विकारी वर्गका शब्दहरूमध्ये कुनै एकको विभिन्न व्याकरणिक कोटिका आधारमा रूपायन गर्न लगाउने । | |
| ४ | विभिन्न आधारमा शब्दनिर्माणसम्बन्धी सैद्धान्तिक र प्रायोगात्मक कार्य गर्न । | उपसर्ग, परसर्ग, समास, द्वित्व र सन्धि प्रक्रियाद्वारा शब्द-निर्माण | सैद्धान्तिक/संज्ञानात्मकःसं.<br>सैद्धान्तिक/उत्पादनात्मकः सं. | १<br>२ | २ | ५+५=१० | १४ मि. | समास, द्वित्व र सन्धि प्रक्रियासम्बन्धी कुनै १ स्रद्धान्तिक प्रश्न सोध्ने ।<br>सर्ग प्रक्रियाअन्तर्गत कुनै १० शब्द निर्माण वा विच्छेद गर्न लगाउने ।<br>समास, द्वित्व वा सन्धि प्रत्रियाअन्तर्गत कुनै १ शब्द निर्माणसम्बन्धी प्रश्न सोध्ने । | |
| ५ | वाक्यात्व, वाक्य र वाक्यान्तरणसम्बन्धी सैद्धान्तिक वा प्रायोगिक क्षमता प्रदर्शन गर्न | काल, पक्ष, भाव, वाच्य, करण, अकरण, लिङ्ग, पुरूष, वचन, आदर, कारक, विभक्ति नामधातु, प्रेरणार्थक धातु, उद्देश्य, विधेय, वाक्य प्रकार, उपवाक्य प्रकार, संश्लेषण, विश्लेलषण, उक्तिपरिवर्तन र वाक्यान्तरण | सैद्धान्तिक/संज्ञानात्मकःसं.<br>सैद्धान्तिक/उत्पादनात्मकः सं. | २<br>४ | ४ | ५+४=२० | २८ मि. | वाक्य, उपवाक्य, वाच्य, कारक, विभक्ति, नामधातु र प्रेरणार्थक धातुबाट कुनै २ वटा सैद्धान्तिक प्रश्न सोध्ने ।<br>वाध्यसंश्लेषण वा विश्लेषण, उक्ति परिवर्तन र विभिन्न आधारमा वाक्यान्तरणसम्बन्धी २ वटा प्रश्न सोध्ने ।<br>पक्ष, भाव, करण अकरण, वाच्य, प्रेरणार्थक, काल र पदसङ्गतिसम्बन्धी निर्देशित रिक्त स्थान पूरा गर्ने प्रश्न सोध्ने ।<br>काल, पक्ष, भाव, वाच्य र सङ्गति प्रयोग गरेर कुनै १ पक्षमा ५ वाक्य बनाउन वा अनुच्छेद निर्माण गर्न लगाउने । | |
| ६ | अनुच्छेद पढी बोध प्रश्नहरूको उत्तर दिनु । | पठनबोध (दृष्टांश/अदृष्टांश) | स्वतन्त्र सीपमूलकः सं. | १ (६) | १(६) | १.५×४=६<br>२×२=४<br>१० | २० मि. | विभिन्न लेखरचना, निबन्ध, प्रबन्ध आदिबाट २५० शब्दसम्मको कुनै एउटा अनुच्छेद दिई ४ वटा पहिचानात्मक, कारणबोध, तार्किक र अनुमानात्मक प्रश्न र एक रेखाङ्कित ४ शब्द वा पदावलीको अर्थ, अभिप्राय तथा प्रयोगसम्बन्धी तथा एउटा वाक्य पहिचान, वाक्यान्तरण आदिसम्बन्धी प्रश्न सोध्ने । | |
| ७ | बुँदाटिपोट वा सङ्क्षेपीकरण गर्न । | पठनबोध (दृष्टांश/अदृष्टांश) | स्वतन्त्र सीपमूलकः सं. | १ | १ | ५ | १२ मि. | ६ नम्वरकै अनुच्छेद पढेर सङ्क्षेपीकरण गर्न लगाउने वा ५ वटा मुख्य बुँदा टिप्न लगाउने । | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | अनुच्छेद लेख्न वा विभिन्न व्यावहारिक पत्र रचना गर्न । | अनुच्छेद रचना तथा विभिन्न व्यावहारिक पत्र-रचना | स्वतन्त्र सीपमूलकः सं. | १ | १ | ५ | १२ मि. | कुनै समसामयिक शीर्षक दिएर बढीमा १५० शब्दसम्मको स्वतन्त्र अनुच्छेद वा चिठ्ठी, निवेदन, विज्ञापन, निमन्त्रणा आदिमध्येबाट कुनै एक स्वतन्त्र रचना गर्न लगाउने । | |
| ९ | निदेशित शीर्षकमा निबन्ध रचना गर्न वा निर्देशित शीर्षकमा टिप्पणी र प्रतिवेदन लेख्न । | निबन्ध रचना, टिप्पणी रचना र प्रतिवेदन रचना | स्वतन्त्र सीपमूलकः ला.<br>स्वतन्त्र सीपमूलक सं. | १<br>२ | १ अथवा<br>२ | १०<br>अथवा<br>५+५=१० | २२ मि. | स्वतन्त्र ढङ्गले आत्मपरक वा वस्तुपरक शैलीमा निबन्ध रचना गर्न मिल्ने कुनै ३ शीर्षक दिएर कुनै एकमा ३०० शब्दमा नबढाई निबन्ध रचना गर्न लगाउने । अथवा तोकिएका समस्यामूलक समसामयिक शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्न र अनुभव, भ्रमण, सभा-समारोह तथा आयोजनाका बारेमा १५० शब्दसम्मको प्रतिवेदन लेख्न लगाउने । | |
| १० | विभिन्न कोणबाट संज्ञानात्मक कृति समीक्षा गर्न । | निर्धारित नाटक, एकाङ्की तथा उपन्यासको कृति समीक्षा | सीपमूलकः ला | २ अथवा राखेर | १ | १० | २२ मि. | निर्धारित कुनै नाटक अथवा एकाङ्कीबाट पात्रगत चरित्र, परिवेश, कथानक, संरचना, रङ्गमञ्चीयता, केन्द्रीय कथ्य आदिसम्बन्धी कुनै एक भन्दा बढी कोणबाट कृति समीक्षा गर्न लगाउने अथवा निर्धारित उपन्यासबाट विभिन्न औपन्यासिक तŒवमध्ये एक भन्दाबढी कोणबाट कृतिममीक्षा गर्न लगाउने । | |
| ११ | विभिन्न कोणबाट बोधात्मक कृति समीक्षा गर्न । | निर्धारित कथा, कविता, र निबन्धहरूको कृतिसमीक्षा | सीपमूलकः सं. | ३ | २ | ५+५=१० | २२ मि. | निर्धारित कथा, कविता र निबन्धहरूमा एक एक प्रश्न पर्ने गरी कथ्य, भाषाशैली, संरचना, शीर्षक, कथनढाँचा, चरित्र आदिमध्ये कुनै एक कोणबाट कृति समीषा गर्न लगाउने । | |

प्राश्निकः ......................................

१. वस्तुगतः ×

२. लामो उत्तरात्मकः ३-१/२

३. अति सङ्क्षिप्त उत्तरात्मकः ३-२

४. सङ्क्षिप्त उत्तरात्मकः २०-१६/१३

सङ्केत

अ.स.: अति सङ्क्षिप्त

सं.: सङ्क्षिप्त उत्तर

कै.: कैफियत

क्र.स.: क्रमसङ्ख्या

मि.: मिनेट

लाः लामो उत्तर

## तालिका नं. ६

## विशिष्टीकरण तालिका (प्रश्न योजना)

| क्र.सं. | परीक्षणीय पाठ्यवस्तु | प्रश्नको प्रकृति | सोधिने प्रश्न सङ्ख्या | उत्तर दिनु पर्ने प्रश्न | अङ्क | विवरण/खोलुवा |
|---|---|---|---|---|---|---|
| १ | नेपाली वर्ण र अक्षर संरचना | पहिचानमूलक | २.<br>(क) वर्ण<br>(ख) अक्षर | १ | ५ | क. उच्चार्य पाँच व्यञ्जन वर्ण दिई तिनको स्थान, प्रयत्न, घोषत्व र प्राणत्वमध्ये कुनै दुई आधारबाट प्रश्न सोध्ने ।<br>ख. बढीमा पाँच अक्षरसम्मका पाँच वटा शब्द दिइ तिनको अक्षर संरचना र सङ्ख्या छुट्याउन लगाउने । |
| २ | वर्ण विन्यास र चिह्न परिचय | पहिचानमूलक | १ | १ | ५ | जम्मा १० वटा त्रुटि (वर्ण र मात्रागत आठ र चिह्नगत दुई) भएका पाँचवाक्यको एउटा अनुच्छेद दिई त्यसलाई शुद्ध गर्न लगाउने । |
| ३ | शब्दवर्ग पहिचान | पहिचानमूलक | १ | १ | ३ | विभिन्न शब्दवर्गका छ शब्दमा रेखाङ्कन गरी शब्दवर्ग पहिचान गर्न लगाउने । यसमा कम्तीमा एउटा शब्द चाहिँ वर्ग विचलन भएको दिने । |
| ४ | शब्दस्रोत | पहिचानमूलक | १ | २ | २ | २५ शब्दसम्मको अनुच्छेद दिई त्यसबाट तत्सम, तद्भव र आगन्तुकमध्ये कुनै दुई आधारबाट बनेका दुई दुई शब्द खोज्न लगाउने । |
| ५ | शब्द व्युत्पादन | पहिचानमूलक तथा प्रयोगमूलक | ३ | १ | ६ | क. तत्सम तथा तद्भव दुबै स्रोतका ति उपसर्ग र तिन प्रत्यय दिई शब्द बनाउन लगाउने ।<br>ख. उपसर्ग र प्रत्ययको योगले बनेका कम्तीमा आठ (चार वटा उपसर्ग व्युत्पन्न र चार वटा प्रत्यय व्युत्पन्न) शब्दहरू भएको अनुच्छेद दिई त्यसबाट तिन वटा उपसर्ग व्युत्पन्न र तिन वटा प्रत्यय व्युत्पन्न शब्द खोज्न लगाउने अथवा उक्त व्युत्पन्न शब्दमध्ये छ वटामा रेखाङ्कन गरी उपसर्ग र प्रत्यय छुट्याउन लगाउने ।<br>ग. कम्तीमा चार समस्त तथा चार द्वित्व शब्दहरू भएको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी विग्रह तथा द्वित्व विच्छेद गर्न लगाउने ।<br>घ. सन्धियुक्त उपसर्ग व्युत्पन्न (तीन), प्रत्यय व्यत्पन्न (तीन), समस्त व्यत्पन्न (तीन) र आंशिक तथा आपरिवर्तित द्वित्व व्युत्पन्न (दुवै मिलाएर तीन) शब्दहरू भएको अनुच्छेद दिई त्यसबाट सन्धियुक्त छ वटा शब्द पहिचान गरी सन्धि विच्छेद गर्न लगाउने । |
| ६ | शब्द रूपायन | रूपावली (सङ्क्षिप्त) | २ | १ | ५ | क. पुलिङ्गी वा स्त्रीलिङ्गी कर्ता रही परस्परमा अन्विति मिलेका पाँच वाक्यको अनुच्छेद दिई त्यसलाई लिङ्गगत आधारमा वाक्य ढाँचा परिवर्तन गर्न लगाउने ।<br>ख. एक वचन वा बहुवचन कर्ता भएको पाँच वाक्यको अनुच्छेद दिई वचनका आधारमा त्यसको वाक्य ढाँचा परिवर्तन गर्न लगाउने ।<br>विभिन्न पुरूष र आदशार्थ कर्ता भएका पाँच वाक्यको अनुच्छेद दिई वाक्य ढाँचा सहित पुरूष तथा आदर परिवर्तन गर्न लगाउने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | घ. कुनै एक काल, पक्ष र भावसँग सम्बन्धित क्रियापदयुक्त पाँच वाक्यको अनुच्छेद दिई वाक्य ढाँचा परिवर्तन गर्न लगाउने । |
| ७ | वाक्य तत्त्व (कारक, विभक्ति तथा पद सङ्गति) | पहिचानमूलक र रचनात्मक | २ | | ६ | क. सबै कारक र विभक्तिको प्रयोग भएको अनुच्छेदका १२ शब्दमा रेखाङ्कन गरी कारक पहिचान गर्न लगाउने ।<br>ख. छुट्टाछुट्टै कारक र विभक्तिको प्रयोग गरी छ वाक्यमा कुनै विषयको वर्णन भएको अनुच्छेद लेख्न लगाउने ।<br>ग. सङ्गति (लिङ्ग, वचन, पुरुष, आदर) नमिलेका छ वटा वाक्यहरू भएको अनुच्छेद दिई सङ्गति मिलाउन लगाउने । |
| ८ | वाक्यान्तरण | पहिचानमूलक र परिवर्तनात्मक ( संरचनात्मक वाक्यान्तरण, वाच्य परिवर्तन, ध्रुवीयता परिवर्तन, कथन परिवर्तन, वाक्य संश्लेषण) | ३ | १ | ८ | क. चार वटा जटिल (मिश्र तथा संयुक्त) वाक्य भएको अनुच्छेद दिई त्यसलाई आठवटा सरल वाक्यमा वा आठ वटा सरल वाकयको अनुच्छेद दिई चार वटा जटिल वाक्यमा वाक्यान्तरण गर्न लगाउने ।<br>ख. कुनै एक वाच्य (कर्तृ, कर्म वा भाव) का आठ वाक्यको अनुच्छेद दिई अर्को वाच्यमा परिवर्तन गर्न लगाउने ।<br>ग. करण (चार), अकरण (चार) गरी आठ वटा वाक्यहरू भएको अनुच्छेद दिई ध्रुवीयता ( करणलाई अकरण वा अकरणलाई करण) मा परिवर्तन गर्न लगाउने ।<br>घ. प्रत्यक्ष वा अप्रत्यक्ष कथन भएका चार वटा वाक्य दिई कथन परिवर्तन गर्न लगाउने ।<br>ङ. चार वटा सरल वाक्यहरू भएको अनुच्छेद दिई एउटै वाक्यमा संश्लेषण गर्न लगाउने । |
| ९ | पठन बोध | बोधात्मक प्रश्न र शब्द (दृष्टांश) | १ | २ | १० | पाठ्य पुस्तकभित्रकै बोध सामग्रीबाट २०० देखि २५० शब्दसम्मको गद्यांश झिकी तथ्यपरक, निष्कर्षात्मक, अनुमानात्मक र सन्दर्भ बोधक वस्तुगत चार वटा प्रश्न र शब्द/ पदावलीगत अर्थ लेख्ने एक प्रश्न गरी पाँच सोध्ने । |
| १० | बुँदा टिपोट वा सङ्क्षेपीकरण वा व्यक्तिगत विवरण | बुँदा टिपोट र सङ्क्षेपण (संक्षिप्त उत्तरात्मक) | १ | १ | ५ | दृष्टांश सामग्रीबाट १०० देखि १२५ शब्दसम्मको अनुच्छेद झिकी पाँच वटा टिपोट गर्न लगाउने वा एक तृतीयांशमा सङ्क्षेपीकरण गर्न लगाउने वा कुनै व्यक्तिको विवरण दिई निर्धारित ढाँचामा व्यक्तिगत विवरण लेख्न लगाउने । |
| ११ | पत्र वा व्यावहारिक लेखन | अभिव्यक्ति | २ | १ | ५ | निवेदन, व्यावसायिक पत्र वा सम्पादकलाई चिठीमध्ये कुनै एक सोध्ने वा सूचना र विज्ञापनमध्ये कुनै एक सोध्ने । |
| १२ | प्रतिवेदन लेखन वा टिप्पणी लेखन | अभिव्यक्ति | २ | १ | ५ | निर्धारित ढाँचामा घटना, समारोह, स्थलगत भ्रमणमध्य कुनै एक विषयमा १५० शब्दसम्मको एउटा प्रतिवेदन लेख्न लगाउने अथवा कुनै एक विषयमा १५० शब्दसम्मको टिप्पणी लेख्न लगाउने । |
| १३ | निबन्ध लेखन | अभिव्यक्ति (निबन्धात्मक) | १ | १ | १० | विभिन्न विषयका तिन शीर्षक दिई विषयानुकूल आत्मपरक वा वस्तुपरक शैलीमा २५० शब्दसम्मको एउटा निबन्ध लेख्न लगाउने । |
| १४ | साहित्यिक रचनाको पठन (उपन्यास र नाटक) | पाठक प्रतिक्रियापरक (समिक्षात्मक) | १ | १ | १० | उपन्यास वा नाटक वा दुबैबाट कुनै अंश दिई विषय वस्तु, मूल भाव, कथानक, पात्र, परिवेशको पाठगत सन्दर्भ पहिल्याई कुनै आधारबाट दुई प्रश्न सोधी एक प्रश्नको उत्तर लेख्न लगाउने । |
| १५ | साहित्यिक रचनाको पठन (कविता, कथा र निबन्ध) | सन्दर्भपरक | ३ | २ | १० | कविता, कथा र निबन्धको कुनै उद्धरण वा पाठ दिई त्यसका आधारमा सन्दर्भ, विषय वस्तु, तर्क आदिमा आधारित पाँच वटा प्रश्न सोधी उत्तर लेख्न लगाउने । |
| १६ | साहित्यिक रचनाको पठन | भाव, विचार, परिवेश, चरित्र र सन्देश लेखन (संक्षिप्त उत्तरात्मक) | १ | १ | ५ | कुनै पाठबाट भाव, विचार, परिवेश, चरित्र र सन्देशमध्ये कुनै प्रश्न सोधी प्रतिक्रिया लेख्न लगाउने । |

### ४.१.३ विधागत समय र प्रश्न सापेक्षता

उच्च माध्यमिक पाठ्यक्रम पूरानो र नयाँलाई हेर्दा विधागत आधारमा अङ्क विभाजन गरे तापनि विधाअनुसार समयको किटान गरेको पाइदैन । पाठ्यपुस्तक शिक्षणका लागि मात्र पाठ्यभार छुट्याइएकाले विधागत समय भने तोकिएको छैन ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा प्रत्येक प्रश्न तथा उपप्रश्नका लागि अङ्क निर्धारण गरिएको छैन् । प्रश्नको अङ्कभार र निर्देशनका आधारमा विद्यार्थी स्वयम्ले नै समयको सन्तुलन मिलाइ उत्तर दिनुपर्ने अवस्था देखिन्छ । विवेचना गर्ने, निबन्ध लेख्ने जस्ता प्रश्नलाई १० अङ्क छुट्याइएबाट विद्यार्थी आफैले समयको ख्याल गर्नुपर्ने देखिन्छ । विशिष्टीकरण तालिकामा भने विधागत समय निर्धारण गरिएको छ र सोही तालिकाअनुसार प्रश्नपत्र निर्मित भएका हुँदा विधागत समय र प्रश्न सापेक्षता मिलेको छ भन्न सकिन्छ ।

## ४.२ भाषिक पक्षहरूको संयोजन र सन्तुलन

भाषिक पक्षहरू सीपसँग सम्बन्धित हुन्छन् । भाषिक सीप भन्नाले सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपहरू पर्दछन् । भाषा विषयमा विषयवस्तुको शिक्षण नभइ विषय वस्तुको माध्यमबाट यिनै भाषिक सीपहरूको शिक्षण हुन्छ । उच्च माध्यामिक तहको नेपाली पाठ्यक्रमले सुनाइ र बोलाइ सीपको परीक्षण तहगत सिंकाइका अङ्ककारूपमा गरिने छ भनी उल्लेख गरेबाट पनि २०६८ सालको परीक्षाले पढाइ र लेखाइ सीपको परीक्षण गर्नुपर्छ भन्ने कुराको आधार स्पष्ट पारेको छ ।

भाषिक पक्षहरू अर्न्तगत पढाइ सीप, लेखाइ सीप शब्दभण्डार क्षमता तथा व्याकरणिक ज्ञान प्रयोगसम्बन्धी सीपहरूको संयोजन र सन्तुलन उच्च माध्यामिक तहको २०६७ र २०६८ को परीक्षामा निम्नानुसार गरिएको छ ।

### ४.२.१ पढाइ सीप परीक्षण

उच्च माध्यमिक तहको पाठ्यक्रमले पढाइ सीप विकासका लागि, कविता, कथा, विधालाई मुख्य रूपमा समावेश गरे पनि आंशिक रूपमा निबन्ध विधालाई पनि पढाइ सीप विकासका लागि समावेश गर्न सकिन्छ । पढाइ सीप परीक्षणका आधारमा प्रतिनिधि प्रश्नपत्रको

अध्ययन गर्दा पठनबोध प्रश्न १० अङ्क, सङ्क्षिप्त उत्तरात्मक प्रश्न १०, विवेचनात्मक प्रश्न १० गरी जम्मा ३० अङ्क विभाजन गरिएको छ ।

### ४.२.२ लेखाइ सीप परीक्षण

वर्तमान र निवर्तमान उच्च माध्यमिक तहको पाठ्यक्रमले लेखाइ सीपको विकासका लागि मुख्य रूपमा निबन्ध, चिठ्ठी, निवेदन, सारांश, टिप्पणी, प्रतिवेदन, अनुच्छेद लेखन जस्ता प्रश्नहरू समावेश गरिएको पाइन्छ । लेखाइ सीपसँग बोलाई सीपको समेत विकास गराउने उद्देश्य राखेको पाइन्छ । तर सुनाइ र बोलाइ सीपको परीक्षण कक्षा शिक्षणमा नै सीमित रहेको देखिन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा निबन्ध लेखनका लागि १० अङ्क चिठ्ठी वा निवेदनका लागि ५ अङ्क, अनुच्छेद लेखनका लागि ५ अङ्क गरी जम्मा २० अङ्क छुट्याइएको पाइन्छ । यो विभाजन विशिष्टीकरण तालिकाअनुसार देखिएको हुँदा नराम्रो भन्न मिल्दैन ।

### ४.२.३ व्याकरणात्मक सीप परीक्षण

यस तहमा व्याकरण शिक्षाण गर्नु भनेको विद्यार्थीहरूलाई भाषाको शुद्ध प्रयोग प्रति अभिप्रेरित गर्नु हो । यो भाषाको नियम भएकाले भाषालाई समृद्ध बनाउन यसको महत्त्वपूर्ण भूमिका रहने कुरामा दुई मत हुन सक्दैन । त्यसैले भाषा परीक्षणको महत्त्वपूर्ण पक्ष व्याकरण भएकाले भाषाका सीपसँग सम्बद्ध गरेर यसको परीक्षण गरिनु पर्दछ । उपयुक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा ५० पूर्णाङ्कको अङ्क छुट्याइएको देखिन्छ । व्याकरण ५ अङ्क वर्णविन्यास ५ अङ्क, शब्दवर्ग/रूपायण १० अङ्क, शब्दनिर्माण १० अङ्क, वाक्यतत्त्व १० वाक्यका प्रकार र वाक्यान्तरण १० गरी जम्मा ५० अङ्क विभाजन गरिएको पाइन्छ । त्यसैले यस आधारमा प्रश्नपत्रहरू पाठ्यक्रम तथा विशिष्टीकरण तालिका अनुरूप रहेका पाइन्छन् ।

## ४.३ भाषा

प्रश्नपत्रको आन्तरिक स्वरूपलाई प्रभाव पार्ने तत्त्वहरूमध्ये भाषा पनि एक हो । प्रश्नपत्रमा उपयुक्त भाषाका माध्यमबाट नै विद्यार्थीहरूले उत्तर दिने हुँदा यसमा प्रयुक्त भाषा, सरल, सहज, स्पष्ट, शुद्ध र विद्यार्थीको स्तर अनुरूपको हुनु आवश्यक छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूमा अर्थ घातक त्रुटिहरू पाइएका छैनन् । प्रश्नको भाषामा पाइएका सामान्य त्रुटिहरूको भने अघिल्लो अध्यायमा नै चर्चा गरिसकियो ।

## ४.४ प्रश्नका विविध पक्षहरू

हाम्रो जस्तो मुलुकमा लिखित परीक्षालाई नै परीक्षणको मुख्य साधनका रूपमा प्रयोगमा ल्याइन्छ । त्यसमा पनि नेपाली विषयको परीक्षणमा झन यसको विकल्प देखिदैन । यसरी प्रयोगमा ल्याइने परिक्षणका साधनहरूको पाठ्यक्रमको, समग्रतालाई प्रतिनिधित्व गर्न सक्नुपर्छ । लिखित परीक्षा मार्फत परीक्षणगर्दा विषयगत र वस्तुगत दुई प्रकारका प्रश्नहरू प्रयोगमा ल्याउन सकिन्छ । यसरी प्रयोगमा ल्याइने विषयगत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन्, विषयगत प्रश्नहरू व्यक्ति निष्ट हुने हुँदा यस्ता प्रश्नहरूद्वारा गरिएको परीक्षणबाट प्राप्त हुने प्राप्ताङ्कमा एकरूपताको अभाव देखिन्छ । वर्णनात्मक, विवेचनात्मक, तुलनात्मक, सश्लेषणात्मक, तार्किक आदि प्रश्नहरू हुन् ।

प्रश्नपत्रहरूमा समाविष्ट प्रश्नहरूलाई हेर्दा पाठ्यक्रम अनुरूपता बनाउने प्रयास गरिएको पाइन्छ । पाठ्यक्रम र विशिष्टीकरण तालिकाअनुसार प्रश्नहरू निर्मित भएका छन् । प्रश्नपत्रमा समाविष्ट प्रश्नका आधारमा विश्वसनीयता, वैधता, व्यावहारीकता, विभेदकारीता जस्ता गुणहरूमा केही मात्रामा पाइए पनि पूर्ण रूपमा भने पाइदैनन् । प्रश्नपत्रमा प्रयुक्त भाषामा केही त्रुटि रहेपनि अर्थघात त्रुटिहरू भने नपाइएकाले उपयुक्त नै मान्न सकिन्छ । भाषिक प्रश्नहरू भाषिक सीप र धारणासँग सम्बद्ध हुन्छन् । तसर्थ यिनको विकास एवम्म् परीक्षणकालागि प्रश्नपत्र बनाउनु पर्ने हो तर यहा लिखित परीक्षालाई मात्र परीक्षणको आधार बनाइएकाले भाषाका चारवटै सीपको पूर्णरूपमा परिक्षण हुन सकेको देखिदैन ।

# अध्याय पाँच

## निष्कर्ष र सुझावहरू

उच्च माध्यमिक तहको परीक्षा २०६७ र २०६८ सालमा सोधिएका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन शीर्षकको शोधकार्य निमार्णका लागि प्रश्न विश्लेषणका आन्तरिक र बाह्‌य आधारलाई मुख्य आधार मानिएको छ । यिनै आधारमा आधारित रही यो शोधपत्र तयार पारिएको छ ।

प्रश्न विश्लेषणको आन्तरिक र बाह्‌य आधारहरूको सीमाभित्र रही प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गरी निम्न निष्कर्ष निकालिएको छ ।

### ५.१ बाह्‌य आधारमा निष्कर्ष

- प्रतिनिधि प्रश्नपत्रमा अनिवार्य नेपाली मात्र लेखी नेपालीमा नै तह खुलाइएको छैन । तह नेपालीमा लेख्नु पर्नेमा अङ्ग्रेजीमा ज्क्भ्द्य(न्चबमभ ह्क्ष दृण्टठरदृण्टड दुवैमा अङ्ग्रेजीमा लेखिएको छ । तर्क दिने प्रश्नका रूपमा २०६७ को प्रश्नपत्रमा प्रश्न नं. १० लाई छानिएको छ तर के, कति, कस्तो भनेर सीमाङ्कन गर्ने तरिकाले प्रश्न बनाइएको छैन ।

- प्रश्नपत्रमा अङक र समय विभाजन भएकै छ तर पनि प्रश्नैपिच्छे समय निधारण गरिएको छैन । जसवाट हरेक प्रश्नको समय विद्यार्थी आफैले तय गरी उत्तर दिनु पर्ने बाध्यता रहेको बुझ्न सकिन्छ ।

- हरेक प्रश्नहरू भएको प्रश्नपत्रमा केही उप प्रश्नहरू पनि आवश्यकता अनुसार राखिएका छन् ।

- अक्षरको आकार ठीकै छ । २०६७ को प्रश्नपत्रमा खादेर लेखिएको पाइयो । जसवाट विधार्थीहरूलाई बुझ्न अलि कठिन हुने देखिन्छ ।

- प्रश्नहरू कुनै पेजमा र अनुच्छेद अर्को पेजमा वा प्रश्नहरू समेत दुई पेजमा बाँडिएको पाइन्छ ।

- प्रतिनिधि प्रश्नहरूमा विधागत अङ्क विभाजन र विशिष्टीकरण तालिका अनुरूप गरिएको हुँदा यसमा समानता र उपयुक्तता रहेको पाइन्छ ।
- प्रश्नपत्रको कागज, छपाइ, आदि मध्यम खालकै छ ।
- प्रतिनिधि प्रश्नमा भाषासम्बन्धी कुरा गर्दा केही मात्रामा वर्णविन्यास, पदयोग र पदवियोग सम्बन्धी त्रुटिहरू पाइन्छन् ।
- प्रतिनिधि प्रश्नहरूको बाहृय आधारमा विश्लेषण गर्दा प्रश्नपत्रमा गम्भिर त्रुटि खासै नपाइएता पनि सामान्य खालका त्रुटिहरू प्रसस्तै पाइएकाले प्रश्नपत्र निर्माणमा सम्बन्धित पक्ष संवेदनशील नभएको देखिन्छ ।

### ५.१.१ आन्तरिक आधारमा निष्कर्ष

- पाठ्यक्रमले निर्दिष्ट गरेको विधाबाट नै प्रश्न निर्माण गरिएको पाइन्छ तर पनि यिनीहरू पढाइ र लेखाइ सीपको परीक्षणमा केन्द्रित रहेको देखिन्छ । भाषिक सीपको सन्तुलन पाइँदैन ।
- विषयवस्तुको सीमा र प्रश्नको तालमेल मिलेको देखिन्छ ।
- विधाअनुसार प्रश्न सङख्या र अङ्कभार मिलेको देखिन्छ ।
- प्रतिनिधि प्रश्नपत्रमा प्रयुक्त भाषा अशुद्ध अस्पष्ट र हिज्जेको गलत प्रयोग समेत भएको हुँदा प्रश्न निर्माण गर्दा त्यति सचेतता नपाइएको देखिन्छ ।
- कतिपय प्रश्नहरूमा स्पष्ट निर्देशनकै पनि अभाव पाइन्छ कतिपय प्रश्नहरूमा ।
- प्रश्नपत्रमा विभेदकारीताको गुण पनि रहेकै देखिन्छ ।
- प्रश्नलाई व्यावहारिक बनाउन हरसम्भव प्रयास भएको देखिन्छ ।
- प्रतिनिधि प्रश्नहरूलाई पहिचानात्मक र उत्पादानात्मक दुबै प्रकृतिका प्रश्नहरू वहुल्यता पनि उत्पादनात्मक प्रश्नपत्रको बाहुल्यता रहेको देखिन्छ ।

## ५.२ सुझावहरू

- प्रश्नपत्रको निर्देशनमा नै तह वा कक्षा खुलाउनु अत्यावश्यक छ ।
- मिति साल लेख्दा नेपाली विषयका लागि नेपाली (२०६७, २०६८) नै लेख्नु उपयुक्त हुन्छ ।
- प्रश्नको निर्देशनमा के कति कस्तो प्रकृतिको उत्तर दिनु पर्ने स्पष्ट खुलाउनु पर्दछ ।
- विकल्पहरू समान र स्पष्ट खुलाउनु पर्दछ ।
- सुनाइ र बोलाइ सीपलाई परीक्षण गर्नका निम्ति विषयको जस्तैः प्रयोगात्मक परीक्षाको व्यवस्था गरिनु पर्छ । अन्यथा भाषाका चारै सीपको परीक्षण गर्न नसकेमा भाषा शिक्षण नै लङ्गडो बन्दछ ।
- सुनाइ र बोलाइ सीपको परीक्षण तहगतरूपमा निर्माणात्मक मूल्याङ्कनका आधारमा गरिने व्यवष्था भए पनि यसको व्यवहारिक परीक्षणका लागि निर्माणात्मक मूल्याङ्कनमा पनि गरिनु जरूरी छ ।
- प्रश्न निर्माण गर्दा वर्णविन्यासमा सचेतता अपनाउनु पर्ने देखिन्छ । योजनावद्ध तरिकाले चरणबद्ध रूपमा प्रश्न तयार पारि मुद्रण र टङ्कनमा विशेष ध्यान दिई विषय विशेषज्ञले राम्रोसँग प्रमाणित (स्पष्तीकरण) हेरेर अन्तिम रूप दिनुपर्छ ।
- प्रश्नमा रहने चिन्ह प्रयोगमा समेत सचेतता अपनाउनु पर्दछ ।
- अक्षर आकार अलि ठूलो र पातलो पारी प्रिन्ट गर्नु उपयुक्त हुन्छ ।
- भाषिक सीप मध्ये लेखाइ र पढाइ सीप परीक्षणका लागि वरावरी अङ्क विभाजन गर्नु राम्रो देखिन्छ ।
- प्रतिनिधि प्रश्नहरूको मुख्य भागलाई चम्किलो बनाउनु आवश्यक देखिन्छ ।
- विषयगत वैधता र रचनात्मक वैधताका दृष्टिले स्वतन्त्र रचनासम्बन्धी प्रश्नहरू र निर्देशित रचनासम्बन्धी प्रश्नहरू कमजोर प्रकृतिका देखिन्छन ।

- वस्तुगत प्रश्नका लागि मात्र पनि छुटै एकमुष्ट अङ्कभार छुट्याए अझै व्यवहारिक बन्न सक्छ ।
- प्रश्नलाई स्पष्ट बुझ्नका लागि वा अपेक्षित उत्तर छुट्याउनका लागि एउटै पेजमा अटाउनु पर्ने हुन्छ ।
- मापनलाई बढी विश्वसनीय बनाउन परीक्षकलाई तालिमका साथै उत्तरकुञ्जिका र आवश्यक निर्देशन दिने व्यवस्था गर्नुपर्छ ।
- प्रश्नलाई सरल बाट जटिलताको अनुक्रममा राख्नु पर्ने ।

## ५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

- मूल्याङ्कनीय दृष्टिले उच्च माध्यामिक तहको पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन,
- उच्च माध्यामिक तहको अनिवार्य नेपाली विषयमा समाविष्ट विधाहरूको तुलानात्मक अध्ययन,
- भाषिक सीप परीक्षणः एक अध्ययन ।

# सन्दर्भ ग्रन्थसूची


अधिकारी, हेमाङगराज (२०६३), **भाषा शिक्षण केहि परिप्रेक्ष्य तथा पद्धति**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, दमोदर (२०६७), **प्रवेशिका परीक्षा २०६७ मा सोधिएका नेपाली विषयका प्रश्नहरूको तुलानात्मक अध्ययन**, त्रि.वि. एम एड शोधपत्र ।

ज.व.रा., स्वयं प्रकाश र अन्य (२०६४), **शिक्षाका मापन तथा मूल्याङ्कन**, काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, तीर्थराज र अन्य (२०६५), **शिक्षाका मापन तथा मूल्याङ्कन**, काठमाण्डौ, सनलाइ पब्लिकेसन ।

पन्थी, महेश्वर (२०६४), **प्रवेशिका परीक्षा २०६२ र २०६३ का अनिवार्यनेपाली विषयका पश्नहरूको तुलनात्मक अध्ययन**, त्रि.वि. एम् एड् शोधपत्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **माध्यमिक शिक्षा पाठ्यक्रम**, सानोठिमी भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६७) र (२०६८) सानोठिमी भक्तपुर ।

पौडेल, माधव प्रसाद (२०५२), **जिल्लास्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा विषयको विश्लेषण**, अप्रकाशित एम्. एड् शोधपत्र, काठमाण्डौः त्रि.वि. शिक्षाशास्त्र सङ्काय ।

बन्धु, चूडामणि (२०६५), **अनुसन्धान र प्रतिवेदनलेखन**, दो.सं. काठमाण्डौः रत्न पुस्तक भण्डार ।

बराल, गुरूप्रसाद (२०६७), **प्रवेशिका परीक्षा (२०६५) का पाच विकास क्षेत्रमा सोधिएका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन**, अप्रकाशित शोधपत्र, कीर्तिपुरः नेपाली भाषा शिक्षा केन्द्रीय विभाग ।

भट्टराइ, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाण्डौः शुभकामना प्रकाशन ।

भट्ट, टिकेन्द्र (२०६७), **मापन र मूल्याङ्कन,** काठमाण्डौः हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर शिक्षा शोध विवरण**, कठमाण्डौ, न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

लामिछाने, यादवप्रकाश (२०६५), **नेपाालीी भाषा शिक्षण परिचय**, काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधव प्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाण्डौ, न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६२), **पाठ्यक्रम र मूल्याङ्कन**, काठमाण्डौ, एम्. के . पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

## २०६७

## अनिवार्य नेपाली

**कक्षा : १२** **विषय : नेपाली** **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा** **उत्तीर्णाङ्क : ३५**

१. तल दिइएका वर्णहरूलाई घोषत्व र प्राणत्वका आधारमा चिनाउनु होस् ।

भ्, प्, ध्, न्, स्

२. शुद्ध गरी सार्नुहोस् ।

आजभोली मानबिय चरित्रमा स्खलन देखा पर्न थालेको छन् एसप्रति समयमै शचेत हुनुपर्दछ ।

३. क) नाम शब्दका वाल्यात्मक कार्यहरू के के हुन् ? उदाहरण लेख्नुहोस् ।

ख) रेखाङ्कित पदहरूको शब्दवर्ग छुट्याउनुहोस् :

विद्वान्, व्यक्तिहरू, चिन्तनशील हुन्छन् ।

अध्ययनमा रुचि, विचारमा दृढता र निर्णयमा परिक्वता विद्वानहरूका पहिचान हुन् । उनीहरू शैयील पनि हुन्छन् । उनीहरूमाथि जनसाधारणको ठुलो विश्वास हुन् । आहो ! सच्चा विद्वान्मा त विश्वासको जानु प्रो

४. क) तलका उपसर्ग र प्रत्यय लगाई एक-एक शब्द बनाउनुहोस् ।

उपसर्ग : वि, कु, प्र, उप, दुस् ।

प्रत्यय : आली, वि, य, ईय, यौली

ख) निम्नलिखित शब्दहरूका आधार पद छुट्याउनुहोस् ।

ग्रामीण, बुद्धिमान, कारक, सजावट, स्याङ्जाली, सुकुमार, मन्तव्य, सता, ढाक्रे, बुझक्कड ।

ग) आवश्यकता अनुसार समास वा विग्रह गरी समासको नामसमेत लेख्नुहोस् :

नुनचिनीपानी, पूजाका लागि सामग्री, स्रोह्रखुट्टे, नीलगमन, पाँच पालाको समूह ।

५. क) लिङ्ग, वचन र पुरुषका आधारमा, वचन र पुरुषका आधारमा 'डुल्' धातुबाट बन्ने सामन्य, भविष्यत्कालीन क्रियाका रूपहरू लेख्नुहोस् ।

ख) कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् ।

अ) तिमीहरू समयमै घर ............... । (आउ : आज्ञार्थ)

आ) विवेकले कुरा ................... । (बुझ : अज्ञात भूत)

इ) रमिता थापा .......................। (जा : पूर्ण वर्तमान)

ई) भाई बैज्ञानिक ................. । (बन् : अपूर्ण भविष्यत्)

उ) हामी देशविकास ...............। (गर् : सम्भावनार्थ)

ग) रेखाङ्कित पदहरूका कारक र विभक्ति पहिल्याउनुहोस् :

हामीले जापानबाट जहाजद्वारा आमाका लागि ल्याएका सामानहरू दराजमा राख्यौं ।

घ) हिँड्नु, चढ्नु, पुग्नु, हेनु, रमाउनु क्रियाका पूर्ण भतकालिन रूपहरूको प्रयोग गरी आफूले गरेको कुनै भ्रमणको वयान गर्नुहोस् ।

ङ) पदक्रम भनेको के हो ? पदक्रम कति प्रकारका छन् ? उदाहरण सहित लेख्नुहोस् ।

६. तलका वाक्यहरूलाई कोष्ठमा दिइएका सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् ?

क) म त रातभरि निदाएँ । (भाववाच्य)

ख) जो पढ्छ, त्यो उत्तीर्ण हुन्छ । (अकरण)

ग) श्याम किताब पढ्छ । (प्रेरणार्थक)

घ) ऊ विद्यालय जाँदै छ । (द्वितीय पुरुष, सामान्य आदर)

ङ) वर्षाले आफू धरान नजाने कुरा बताई । (प्रत्यक्ष कथन)

७. एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

रेखा अत्यन्त प्रतिभाशाली छात्रा हुन् । रेखा परिश्रमी छिन्, रेखा उच्चमाध्यमिक तहमा पढ्दै छिन् । रेखा भविष्यमा विदुषी बन्नेछिन् । रेखा देशको मुहा फेर्ने छिन् ।

८. "मेरो रमाइलो क्षण" शीर्षकमा १०० शब्द सम्मको उक्त गहकिलो अनुच्छेद लेख्नुहोस् ।

९. क) "नेपालमा शान्ति र विकास" विषयमा ५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

अथवा

ख) आफूले गरेको कुनै महत्वपूर्ण स्थलको भ्रमणलाई आधार बनाएर १५० शब्दसम्मको प्रतिवेदन तयार गर्नुहोस् ।

१०. क) "नालापानीमा" एकाङकीका आधारमा नो कार्की र मवोचका चारित्रिक विशेषताहरूको उल्लेख गर्नुहोस् ।

ख) "मधुपालतीको कथा" मा बालमनोविज्ञान कसरी प्रस्तुत गरिएको छ ?

ग) "महापुरुषको सङ्गत" निवन्धले के - कस्ता विकृति विसङ्गतिमाथि व्यङ्ग्य गरेको छ ?

घ) बसाइ उपन्यासमा बसाइँसराइ सम्बन्धी के-कस्ता समस्याहरू प्रस्तुत गरिएको छन् ? चर्चा गर्नुहोस् ।

ङ) "मान्नेको गीत" कविताले दिन खोजेको सन्देश के हो ?